# नेपाल पत्रकार महासंघको
# २६औं महाधिवेशनमा महासचिव रमेश विष्टद्वारा प्रस्तुत

# प्रतिवेदन

## ४ र ५ फागुन, २०७७, काठमाडौं

**अध्यक्षज्यू,**

केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश समितिका साथीहरु, शाखा अध्यक्षलगायत सम्पूर्ण सहकर्मी साथीहरु ।

सर्वप्रथम संघीय राजधानी काठमाडौंमा हुँदै गरेको नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभामा दूरदराजदेखि उत्सुकतापूवर्क सक्रिय सहभागिता जनाउनु हुने सबैमा केन्द्रीय समितिको तर्फबाट हार्दिक स्वागत एवम् न्यानो अभिवादन टक्र्याउँछु। आजको गरिमामय यो सभामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको महाअभियानमा होमिँदै दिवंगत हुनुभएका पत्रकारप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। यसैगरी सबै प्रेस स्वतन्त्रताप्रेमी अग्रजहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

महासंघको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता आन्दोलनमा भौतिक, आर्थिक एवम् नैतिकरूपमा सहयोग गर्ने सबैप्रति केन्द्रीय समितिको तर्फबाट यो गरिमामय साधारणसभामा हार्दिक आभार प्रकट गर्दछु। महासंघको २५औं महाधिवेशनबाट निर्वाचित नेतृत्वले जिम्मेवारी सम्हालेको साढे तीन वर्ष व्यतीत भइसकेको छ। यस अवधिमा महासंघका केही राम्रा उपलब्धि र गर्न बाँकी कार्यहरुको सन्दर्भ यहाँहरुसमक्ष राख्न पाउँदा खुशी लागेको छ। महासंघको यो टीमले श्रमजीवी पत्रकारका मुद्दा, सञ्चारजगतमा असङ्ख्य समस्या, न्यून स्रोत, साधनलगायतका चुनौतीबीच जिम्मेवारी ग्रहण गरेको तथ्यसमेत अवगत गराउन चाहन्छु । यो अवधिमा सामूहिक प्रयत्नमार्फत अहोरात्र खटेर सबै चुनौती र समस्याको समाधान गर्ने प्रयास भएको छ ।

यतिबेला मुलुक गम्भीर राजनीतिक सङ्कटमा छ । जननिर्वाचित प्रतिनिधिसभा विघटन भएको छ । तरल राजनीतिक अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सधैं चुनौतीपूर्ण महासंघको अनुभव रहँदै आएको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारका पक्षमा महासंघ सधैं दृढ र सचेत रहँदै आएको छ। संवैधानिकरुपमा सुनिश्चित गरिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको रक्षाका लागि महासंघले विकसित घटनाक्रमलाई नजिकबाट नियालिरहेको छ। साथै, महासंघका धारणा र दृष्टिकोणहरु प्रेस विज्ञप्ति र अन्य माध्यमबाट सार्वजनिक भएको यहाँहरुलाई विदितै छ।

यसबीचमा केन्द्रीय कार्यसमितिका ८ वटा पूर्णबैठक सम्पन्न भई महासंघले पत्रकारको कानुनी र संस्थागत प्रतिरक्षा, खोसुवामा परेका पत्रकारको पुनर्वहाली, श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि दवाव, धर्ना, वार्ता, छलफल, पत्राचार जस्ता थुप्रै गतिविविध सम्पन्न गरेको छ। पत्रकार क्षमता अभिवृद्धिसम्बन्धमा मानव अधिकारलगायत विषयमा कार्यशालालगायतका क्रियाकलाप भएका छन् । तर यतिमात्र पर्याप्त होइन । महासंघको नयाँ नेतृत्व आएलगत्तै मुलुकी फौजदारी (संहिता) ऐन र गोपनीयताको हकसम्बन्धी ऐनमा राखिएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक कुण्ठित हुने प्रावधानको विरोधमासडकमै उत्रेर सामना गर्नुपर्ने दुःखद् अवस्था उत्पन्न भएको कुरा अवगत नै छ । महासंघको यो विरोध र खबरदारीपछि सरकारका तर्फबाट महासंघको समेत सहभागितामा उच्चस्तरीय अध्ययन एवम् सुझाव समिति गठन भयो र यतिबेला ती ऐनहरु संशोधनमार्फत समस्या समाधानको चरणमा पुगेको जानकारी गराउन चाहन्छु।

पछिल्लो समय समाचार लेखेकै आधारमा विभिन्न बहानामा पत्रकार साथीलाई पक्राउ गर्ने, थुन्ने, विद्युतीय अपराधको नाममा मुद्दा चलाउने जस्ता क्रियाकलापमा बढोत्तरी आए। पत्रकारविरुद्ध हुने ज्यादतीमा महासंघले विरोध कार्यक्रम, छलफल, डेलिगेशन, बोलेर, लेखेर वा विज्ञप्तिमार्फत डटेर सामना गरेको छ। यसबीचमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन अवस्थाको अध्ययन र दबाबलाई व्यापक बनाउने काम भएका छन् ।

महासंघको सक्रियता एवम् दबाबमूलक अभियानको प्रतिफल सरकारले न्यूनतम पारिश्रमिकमा २५ प्रतिशत बृद्धि गरेको छ । यद्धपि महासंघले ५० प्रतिशत बृद्धि गर्नुपर्ने माग राखेको थियो र यो अडान कायमै छ ।

तत्कालका लागि पूरै उपलब्धि हासिल हुन नसके पनि केही मात्रामा भए पनि प्रगति भएको छ । न्यूनतमका सन्दर्भमा हाम्रो मागलाई आंशिकरुपमा भए पनि सम्बोधन गरेकोमा सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु । श्रमजीवीका हितमा महासंघको अभियान निरन्तर जारी छ । यो अवधिमा पत्रकारको सेवा र पेशागत सुरक्षाका लागि सञ्चार प्रतिष्ठान, व्यवस्थापन सम्बद्ध संस्था, पत्रकारिता क्षेत्रका संस्था र निकायका साथै श्रम कार्यालय, अदालत र राष्ट्रिय मानवअधिकार आयोगको ढोकासम्म पुग्ने काम भएको छ । पछिल्लो समयमा बृद्धि भएको न्यूनतम पारिश्रमिक कार्यान्वयनको अवस्थाबारे सञ्चारगृहमा पुगेर महासंघले अनुगमन र दबाब दिएको छ । नेपाल टेलिभजनबाट शुरु भएको यो अभियानका क्रममा रेडियो नेपाल, कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, नागरिक, नयाँ पत्रिका, दि हिमालयन टाइम्स, कान्तिपुर टेलिभजन, नागरिक, कारोबार, राजधानी, नेपाल आज, माउण्टेन, इमेज, एभिन्यूजलगायत सञ्चार संस्थाका व्यवस्थापन पक्षलाई भेटेर ज्ञापनपत्रमार्फत गम्भीर ध्यानाकर्षण गराउने कार्य भएको छ ।

महासंघका मुलुकभरका शाखाहरुमार्फत पनि सम्बद्ध सञ्चारमाध्यममा श्रमजीवीका हकहितमा ज्ञापनपत्र बुझाउने काम भएको छ । पत्रकारको सेवा सुरक्षाका लागि केन्द्रीय तहका दर्जनभन्दा बढी सञ्चारगृहमा सशक्त दवावमूलक कामहरुसमेत भएका छन् । यद्यपि सरकार वा अन्य पक्षसँग भर पर्नुपर्ने भएकाले ठोस परिणाम देखिन अझै बाँकी नै छ । थाँती रहेका कार्यलाई आगामी दिनमा क्रमशः पूरा गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ । पत्रकार हकहित, पेशागत सुरक्षा र अधिकारका बारे उदासीन हुने सञ्चारगृहमा अल्टिमेटमसमेत दिइएको छ । कुनै पनि सञ्चारमाध्यममाश्रमजीवी पत्रकार ऐन कार्यान्वयन नभएमा या समस्या भएमा महासंघमा उजुरी दिने अवस्थाको विकास भएको छ । महासंघले विश्वास र अपनत्व आर्जन गर्ने यो एउटा सुखद् कुरा नै थियो । यस्ता उजुरीमा अध्ययन गरी 'अप्रेशन'मा जाने सन्दर्भमा तत्काल पहलकदमी थाल्न महासंघको श्रमजीवी हित प्रवर्द्धन समितिलाई जिम्मा दिइएअनुरुप तत्काल एक्सनमा गएको अवगत गराउन चाहन्छु ।

न्यूनतम पारिश्रमिक वृद्धिको निर्णय कार्यान्वयन गर्ने विषयमा सञ्चार संस्थाका व्यवस्थापन उदासीन रहँदै आएकाले अझै सशक्त आवाज उठाउनुपर्ने र दवाव दिनुपर्ने अवस्था छ । श्रमजीवी पत्रकारको आर्थिक र पेशागत अधिकारको रक्षा हुनुपर्ने विषय निर्विवाद छ । अहिलेको महंगी र बजार भाउको आवश्यकतालाई ध्यानमा राखेर तलवमानमा वैज्ञानिक ढङ्गबाट पुनर्विचार हुनुपर्दछ । केन्द्रमा पत्रकारको दुर्घटना बीमा गर्ने कार्य सम्पन्न भएको छ । द्वन्द्वपीडित पत्रकार कल्याण कोष र स्वास्थ्य विमासम्बन्धी प्रक्रिया अघि बढेको छ ।

ज्येष्ठ पत्रकार सम्मानवृत्तिका लागि महासंघकै पहलमा अक्षयकोषको स्थापना गरिएको छ । यसले जीवनभर पत्रकारितामा समर्पित अग्रजप्रति सम्मान हुने विश्वास महासंघले लिएको छ । यसैगरी महासंघलाई ट्रेड यूनियन र श्रम अभ्यास गर्ने साझा संस्थाका रुपमा स्थापित गराउन पहल भइरहेको छ । महासंघलाई ट्रेड यूनियनमा लैजाने सम्बन्धमा अग्रज पत्रकार, नेपाल बार एशोसिएसन एवम् जानकारहरुसँग औपचारिक-अनौपचारिक छलफल भएकोसमेत स्मरण गराउन चाहन्छु ।

महासंघले यतिबेला न्यूनतम पारिश्रमिकसहित ऐनमा व्यवस्था भएका सेवासुविधा उपलब्ध नगराउने ठूला सञ्चारगृहविरुद्ध आन्दोलनमै उत्रनुपर्ने विडम्वनापूर्ण अवस्था रह्यो । आन्दोलनले आगामी दिनमा ठूला सञ्चार गृहलाई श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका सेवासुविधा प्रदान गर्न बाध्य पार्ने विश्वास महासंघको छ ।

पत्रकारको हत्या, बेपत्ता एवम् आक्रमणमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याउन, प्रेस स्वतन्त्रता हनन्का घटना रोक्न र दोषीलाई कारबाही गराउन, पत्रकारविरुद्धका हिंसा एवम् मिडियामा स्वनियन्त्रण (सेल्फ सेन्सरसिप)को अवस्था अन्त्य, पत्रकारको भौतिक सुरक्षा एवम् स्वतन्त्रताको जगेर्नाका लागि महासंघ

निरन्तर क्रियाशील रह्यो । महासंघको मुख्य आर्थिक स्रोत सदस्यहरुको नवीकरण शुल्क रहे पनि नवीकरण गर्ने काम भने आशातीत रुपमा हुन नसकेको तीतो अनुभव रह्यो । महासंघको केन्द्र, प्रदेश १०, जिल्ला शाखा ७५, प्रतिष्ठान ४१, एशोसियट ११ र ८ वैदेशिक शाखा रहेको जानकारीसमेत गराउन चाहन्छु ।

नयाँ टीम आएपछि महासंघको सक्रियतासँगै साँगठनिक जीवनमा रक्तसंचार भएको छ । यसले स्वाभाविकरुपमा आम पत्रकार साथीहरुमा आशा र भरोसा अरु बृद्धि हुने आशा दिलाएको छ । यसविचमा महासंघले अल्पसंख्यक पत्रकार समितिबाट क्रियाशील अल्पसंख्यक पत्रकारको तथ्याङ्क संकलन कार्य गरेको छ । त्यस्तै अपाङ्गतासम्बन्धी पत्रकार समितिबाट पनि अपाङ्गता भएका पत्रकारको तथ्याङ्क संकलन कार्य गरिएको छ । तथ्याङ्क संकलनपछि सहयोग एवम् हकहितमा नीतिनियम एवम् सहुलियतमा पुनरावलोकन गर्न मद्दत पुग्ने अपेक्षा छ ।

महासंघ डिजिटल मिडिया समितिको पहलमा अनलाइन सञ्चारमाध्यमका चुनौती र अवसरका विषयमा अनलाइन सम्पादक र सरोकारवालाहरुबीच बृहत छलफल गरिएको छ । पत्रकारको 'मिडिया गाइडलाइन' बारे सुझाव लिने कार्य भएको छ भने सामाजिक सञ्जाल प्रयोग सम्बन्धमा पनि छलफल कार्यक्रम सञ्चालन भए । जसबाट मिडिया गाइडलाइनको आवश्यकता महशुस गरिएको छ ।

महासंघ महिला समितिको आयोजनामा २०७५ माघ १६ र १७ गते चितवनको पटिहानीमा महिला पत्रकार हरुको राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले महिला पत्रकारले झेल्नुपरेका पेशागत समस्याहरुको पहिचान गरी आगामी दिनमा महासंघले लिनुपर्ने पहलकदमीका बिषयमा घोषणापत्रमार्फत मार्गनिर्देशनसमेत गरेको छ । महिला समितिकै पहलमा सम्बद्ध क्षेत्रका विज्ञहरुको सहभागितामा 'सूचनाको हकमा महिला पत्रकार हरुको भूमिका' विषयक अन्तरक्रिया सम्पन्न भएको छ । सगरमाथा आरोहण गर्ने विभिन्न सञ्चारमाध्यममा कार्यरत सातजना महिला पत्रकारहरुलाई महासंघ केन्द्रीय कार्यालयमा शुभकामना प्रदान गर्ने कार्यसमेत गरिएको थियो । महिला पत्रकारहरुबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता भएको छ । यस्तै १०८औं श्रमिक महिला दिवसको अवसरमा 'सञ्चारमा लैगिक समानता र अवसर विषयक' महिला पत्रकारहरुका बीच लेख रचना प्रतियोगिता तथा अन्तरक्रिया गरिएको छ । सोहीक्रममा तीन जना पत्रकारहरुलाई जनही १० हजारका दरले कदरपत्रका साथ सम्मानितसमेत गरिएको थियो ।

प्रेस काउन्सिलबाट पत्रपत्रिका वर्गीकरणमा भेदभाव भएको भन्ने गुनासो बढेपछि साना लगानीका सञ्चारमाध्यम हकहित प्रवर्द्धन समितिमार्फत ज्ञापनपत्र बुझाएर सहजीकरण गरिएको छ । सूचना तथा प्रसारण विभागले दिने लोककल्याणकारी विज्ञापनवापतको रकम भुक्तानी लामो समयसम्म रोकिएको सन्दर्भमा उक्त समितिमार्फत पटकपटक ध्यानाकर्षण गराउने काम भएको छ । साना लगानीका मिडियाका समस्याबारे महासंघमै विज्ञहरु बोलाएर छलफल गरी प्राप्त सुझावका आधारमा सबै प्रदेशमा पुगेर समस्या बुझ्ने र सोही आधारमा कार्यविधि बनाउन पहल भएको छ ।

त्यसैगरी साना लगानीका सञ्चारमाध्यम हकहित प्रवर्द्धन समितिको पहलमा २०७५ मंसिर १५ गते नुवाकोटको ककनीमा सम्पन्न प्रदेश नम्बर ३ स्तरीय भेलाले घोषणापत्रमार्फत स्थानीय तहबाटै साना लगानीका मिडिया संरक्षण र प्रवर्द्धनमा स्थानीय तहबाटै पहल गर्ने, साना लगानीमैत्री कानुन बनाउनुपर्ने, लोककल्याणकारी विज्ञापन दोब्बर बनाउनुपर्ने लगायत माग गरेको सन्दर्भसमेत यहाँ स्मरण गराउन चाहन्छु । यस्तै सूचना तथा प्रसारण विभागले सबै प्रतिष्ठानका नाममा जारी गरेको परिपत्रअनुसार तीन जनाभन्दा कम तर पूर्णकालीन पत्रकार कार्यरत सञ्चारमाध्यमलाई पनि श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका नाममा विल नबुझ्ने, प्रेस पास नदिने जस्ता समस्या देखाउने कार्य भएकोमा २०७५ माघ २८ गते नेपाल पत्रकार महासंघकै हलमा सयभन्दा बढी सरोकारवालाको सहभागितामा छलफल भई छलफलबाट प्राप्त राय सुझावका आधारमा महासंघले कडा आपत्ति जनायो ।

उक्त दवावस्वरुप सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा ज्ञापनपत्र बुझाउने कार्यसमेत गरिएको थियो । प्रेस

पास केन्द्रबाट लिनुपर्ने प्रचलनले समस्या उत्पन्न भएको सन्दर्भमा सञ्चार, सूचना तथा प्रविधिमन्त्री पार्वत गुरुङलाई भेटेर ध्यानाकर्षण गराएपछि जिल्ला हुलाकमार्फत नै प्रेस पास जारी हुने व्यवस्था मिलाउन सफलता मिलेको छ। हेर्दा सानो विषय जस्तो लागे पनि यसले समय, खर्च, झञ्झटबाट छुट्कारा मिल्ने अपेक्षा छ।

नागरिक तथा मिडियाका बीचमा सहकार्यको वातावरण बनाउन तथा मिडियाका बारेमा नागरिकहरुको दृष्टिकोण बुझ्नका लागि ३० जिल्लामा सार्वजनिक सुनुवाई कार्यक्रमहरु सम्पन्न गरिएका छन् । यस अतिरिक्त मिडियासँग सरोकार राख्ने विभिन्न निकाय तथा समूहहरुसँग निरन्तर समन्वय, सहकार्य र छलफलका गतिविधिहरु सम्पन्न गरिएका छन् । जसअन्तर्गत महासंघ केन्द्रीय नेतृत्वले विभिन्न प्रदेशका मुख्यमन्त्री, सञ्चारको समेत जिम्मेवारी भएका आन्तरिक मामिलामन्त्री, संघीय संसदका सांसद लगायतसँग विभिन्न चरणमा अन्तरक्रिया तथा छलफल गरी मिडियामैत्री कानून निर्माण तथा पत्रकार सुरक्षाका विषयमा छलफल सम्पन्न गरेको छ।

महासंघले अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) सँगको सहकार्यमा सांगठनिक नेतृत्व तालिम सम्पन्न गरेको छ । जसमा महासंघ प्रदेश समितिका अध्यक्षहरुका साथै केन्द्रीय समिति सदस्यहरु सहभागी रहनु भएको थियो । यसबीचमा देशका सबै प्रदेशहरुबाट दुई÷दुई जना महिला पत्रकारहरु सहभागी रहेको लैंगिक समानता तालिम सम्पन्न भएको छ । महासंघले पत्रकार सुरक्षाको विषयलाई केन्द्रित गर्दै राष्ट्रिय मानवअधिकार आयोगसँग मिलेर संयन्त्र गठन गरिने निश्चित भइसकेको छ। मानवअधिकार आयोगसँगको सहकार्यमा अधिकारसम्पन्न 'अभिव्यक्ति स्वतन्त्रता सुरक्षा संयन्त्र' गठनको अवधारणा लागू हुनेक्रममा छ। यो संयन्त्र निर्माणपछि पत्रकारहरुमाथि हुने आक्रमणका घटनाहरुमा तुरुन्तै कारवाही अघि बढाउन दवाव सिर्जना हुने विश्वास महासंघले लिएको छ।

यस अवधिमा महासंघले विभिन्न प्रदेशमा 'प्रेस स्वतन्त्रता संरक्षण अनुगमन' का विषयमा मिडिया मिशन सञ्चालन गर्‍यो । महासंघका अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा प्रदेश नम्बर १ मा, उपाध्यक्ष विपुल पोखरेलको नेतृत्वमा प्रदेश नम्बर २ मा, उपाध्यक्ष दिलीप थापाको नेतृत्वमा प्रदेश नम्बर ३ मा र मेरो नेतृत्वमा प्रदेश नम्बर ४ मा मिशन सम्पन्न भएका छन्। मिशनका क्रममा स्थानीय तहबाट बनेका कानुन, निर्देशिका एवम् नीतिहरु प्रेसमैत्री बनाइनुपर्ने, पत्रकारको पेशागत र भौतिक सुरक्षा एवम् प्रेस स्वतन्त्रताका विषयमा प्रदेशका मुख्यमन्त्री, सभामुख एवम् विभागीय मन्त्रीहरुलाई प्रत्यक्ष भेटेर ज्ञापनपत्रमार्फत चासो र चिन्ता प्रकट गरिएको छ। त्यसपछि पनि विभन्न चरणमा महासंघको मिशन सम्पन्न भएका छन्। मिशनका क्रममा पत्रकारमाथि भइरहेका भौतिक आक्रमण र पक्राउबारे गम्भीर ध्यानाकर्षणसमेत गरिएको छ।

नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारहरुको हितलाई केन्द्रविन्दुमा राखेर प्रेस स्वतन्त्रता एवं पेशागत सुरक्षाका लागि आन्दोलन, दवाव, धर्ना, वार्ता, छलफलका साथै कानुनी लडाइँ पनि जारी राखेको छ । पेशागत हकहित र सुरक्षाका निम्ति अदालतसम्म पुग्ने काम भएको छ। यस सन्दर्भमा उच्च न्यायिक नेतृत्व र राष्ट्रिय मानवअधिकार आयोगको नेतृत्वसँग पटकपटक छलफल र सरोकारसमेत व्यक्त भएको छ। यता महासंघको 'कानुनी डेस्क' मार्फत महासंघका सदस्यहरुलाई आवश्यक कानुनी सल्लाह र विशेषज्ञ सेवा दिने कार्य पनि निरन्तररूपमा चलिरहेको छ । यसबाट मुलुकभर समस्यामा परेका पत्रकारले कानुनी लाभ लिने अवसर पाएका छन्।

यसबीचमा प्रतिष्ठानतर्फ विभिन्न भेलामार्फत सामूहिकरुपमा गुनासा र सुझाव लिने काम भएको छ। ती सुझावका आधारमा ४१ वटै प्रतिष्ठानको अनुगमन गरी समस्या पहिचान गरिएको छ। आर्थिक, कानुनी एवम् भौतिकरुपमा समस्याग्रस्त देखिएका केही सञ्चारमाध्यममा धर्ना एवम् दवावपछि व्यवस्थापन पक्ष महासंघको मागप्रति सहमत हुने वातावरण बनेको सन्दर्भ यहाँ उल्लेख गर्न चाहन्छु। श्रमजीवी पत्रकारको हकहित, पेशागत सुरक्षा एवम् महासंघको प्रतिष्ठाका लागि महसुस हुने गरी आगामी दिनमा अभियान निरन्तर अघि बढाइनुपर्ने आवश्यकता देखेको छु।

यस्तै महासंघलाई नियमित र व्यवस्थित गर्न बनेका आर्थिक, प्रशासनिक तथा कर्मचारी बढुवा एवम् पदपूर्तिक नियमावलीसहित नौ वटा नियमावलीलाई समयानकूल बनाउन मेरै संयोजकत्वमा गठित अध्ययन तथा सुझाव समितिले सबै केलाएर परिमार्जन र संशोधनको कार्यसमेत भएको छ । कतिपय असान्दर्भिक रहेका जस्तै आर्थिक नियमावली २०५५ र क्षेत्रीय समन्वय समिति नियमावली, २०७१ खारेज गरिएको छ । कानुनी डेस्कमार्फत पारिश्रमिक नपाएका, कामबाट निकालिएका, असुरक्षालगायत पत्रकारहरुका समस्यालाई कानुनीरुपमा समाधान गर्ने कार्य भएका छन् ।

नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारहरुलाई केहीमात्रामा भए पनि स्वास्थ्यसम्बन्धी राहत उपलब्ध गराउँदै आएको छ । महासंघको कल्याणकोषबाट प्राप्त हुने व्याजबाट संकटमा परेका, बिरामी भई उपचार गराएका पत्रकारहरुलाई उपचारको अवस्था एवम् आर्थिक अवस्थालाई दृष्टिगत गर्दै आर्थिक सहयोग प्रदान गर्दै आइरहेको छ। २५औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति आएसँगै यो अवधिभित्र महासंघका शाखाले गरेको सिफारिसलाई आधार बनाएर पत्रकारलाई आर्थिक सहयोग प्रदान गरिएको छ। महासंघकै सिफारिमा प्रेस काउन्सिल नेपालमा रहेको कल्याणकोषबाट समेत पत्रकारलाई सहयोग गर्ने व्यवस्था हुँदै आएको छ ।

राष्ट्रिय आमसञ्चार नीति लोकतान्त्रिक मान्यतामा आधारित, सञ्चारकर्मीलाई आत्मनिर्भर बनाउने दिशामा केन्द्रित हुनुपर्ने महासंघको दृढ मान्यता छ। आत्मनिर्भरका साथसाथै सञ्चारकर्मीलाई जवाफदेही बनाउनुपर्ने आवश्यकता पनि उत्तिकै छ। नागरिकको सुसूचित हुने अधिकार सुनिश्चित गरी सभ्य र समृद्ध समाज स्थापना हाम्रो मूल लक्ष्य हो । यस सन्दर्भमा आमसञ्चार नीति, २०७३ पनि जारी भइसकेको छ। प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक कुनै पनि हालतमा कुण्ठित हुनु हुँदैन । सूचना सम्प्रेषणमा गुणस्तर बृद्धि र विश्वसनीयता अभिवृद्धिको आवश्यकता छ । आमसञ्चारमा सबै वर्ग, क्षेत्र, जाति भाषा, लिङ्ग र समुदायको पहुँच बढाउने नीति हुनुपर्दछ। पत्रकारिताको माध्यमबाट उत्पीडित जनताको जीवनस्तर उकास्न सहयोगी हुने सूचना र सञ्चार प्रणालीको विकास गर्न महासंघ कटिवद्ध छ ।

कानुनका सन्दर्भमा प्रेसलाई व्यवस्थित, प्रभावकारी र अनुशासनमा बाँध्न अलगअलग ऐन र नियमको सट्टा प्रेससम्बन्धी बलियो एकीकृत कानुनका लागि महासंघले पहलकदमी लिएको छ । अनलाइनलाई समेत व्यवस्थित गर्नेगरी एकीकृत कानुनको तर्जुमा आवश्यक छ । आमसञ्चार नीतिअनुकूल कानुन बनाउने सन्दर्भमा प्रेस स्वतन्त्रताको हितविरुद्ध नहोस् भनेर महासंघको केन्द्रीय कार्यालयमा स्थापित 'लिगल डेस्क'लाई अझ सशक्त र समन्वयकारी बनाएर लैजाने काम भएको छ। ताकि,श्रमजीवी पत्रकारको पेशागत तथा भौतिक असुरक्षासँग सम्बन्धित तथ्याङ्क संकलन, श्रमजीवीका मुद्दाको अदालतमा अभियोजन, बहसपैरवी, कानुन तथा नीति निर्माणमा लविङ र पत्रकारको सेवा सुरक्षाका लागि प्रभावकारी अभियान चलाउन सकियोस् ।

महासंघको यही कार्यसमितिले सभ्य र भव्यरुपमा जिल्ला र प्रदेश समितिहरुको निर्वाचन सम्पन्न गरेको यहाँहरुलाई विदितै छ । हामीले गरेको प्रतिवद्धताअनुरुप प्रदेश समितिको प्रत्यक्ष निर्वाचन सम्पन्न भएको छ। भावी केन्द्रीय समितिको निर्वाचन प्रत्यक्षरुपमा सम्पन्न गर्नका लागि जुन सफल नमूनासमेत बनेको छ । प्रदेश समितिको निर्वाचनपछि महासंघ सांगठनिकरूपमा तीन तहमा विस्तारित भएको छ । यतिबेला महासंघका प्रदेश समितिहरु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, श्रमजीवी पत्रकारको हकहित र समग्र सञ्चार क्षेत्रको विकासमा क्रमशः क्रियाशील बन्दैछन् । भौतिक संरचना निर्माणमा समेत महासंघका प्रदेश समितिहरु अघि बढिरहेका छन् ।

२०७४ भदौमा महाधिवेशनबाट पारित ३ वर्षे रणनीतिक दृष्टिकोण-पत्रको मार्ग निर्देशन अनुसार २०७४ असोजमा बसेको केन्द्रीय समिति बैठकद्वारा ३ वर्षे नीति तथा कार्यक्रम सम्बन्धी अवधारणासहितको कार्ययोजना तय गरेको थियो । सो रणनीति तथा कार्ययोजना अनुरुप महासंघले लिएका लक्ष्यमध्ये कतिपय काम निरन्तर गर्नुपर्ने खालका थिए । जसमा यो अवधिमा उल्लेख्य प्रगति हुन सकेको छ । खासगरी मिडिया कानूनहरुको निर्माणमा हस्तक्षेप गर्ने, महासंघको सांगठनिक पुनर्संरचना गर्ने, पत्रकारहरुको पेशागत हककहित जस्ता विषयमा महासंघ निरन्तर क्रियाशील रहेको छ ।

# तीन वर्षका यी मुख्य उपलब्धि :

## तीन वर्षे रणनीति र कार्ययोजनाको स्थिति :

महासंघ केन्द्रीय समितिले पारित गरेको कार्ययोजनाअनुरुप लोकतन्त्र, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक हकको पक्षपोषणका विषयमा पछिल्ला तीन वर्षमा अग्रपङ्तिमा रहेर काम गरेको छ। महाधिवेशनबाट पारित रणनीतिअनुरुप महासंघले संघीय तथा प्रदेश सरकारबाट तयार गरिएका र संसदहरुमा छलफल भएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्वन्धी विधेयकको विश्लेषण गरी तिनमा परिमार्जनका लागि सबै सरोकारवाला पक्षहरुसँग निरन्तर छलफलहरु चलाउँदै आएको छ। यसबाट सरकारले मस्यौदा गर्दै गरेका र संसदमा पेश गरिएका मिडिया काउन्सिलसम्बन्धी विधेयक, सूचना प्रविधिसम्बन्धी विधेयकलगायत प्रदेश सरकारहरुले निर्माण गरेका विधेयकहरुमा संशोधन गराउन सफल भएको छ। कतिपय विधेयकहरु महासंघको असहमतिका कारण अगाडि बढ्न सकेका छैनन् ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित विधेयक तथा कानूनहरु मात्र नभई यस अवधिमा महासंघले मानव अधिकारसम्बन्धी विधेयकहरु, नागरिक समाजसँग सम्बन्धित विधेयकहरु तथा विभिन्न अन्य क्षेत्रसँग सम्बन्धित विधेयक तथा कानून निर्माण प्रक्रियामा सम्बन्धित पक्षहरुसँगको सहकार्यमा हस्तक्षेप गर्ने र लोकतन्त्रका आधारभूत मान्यता तथा सबैको अधिकार सुरक्षित हुने खालका कानून निर्माण गर्न पर्याप्त मात्रमा दवाव दिने काम भएको छ । महासंघको दवावपछि मुलुकी संहितामा रहेको प्रेस स्वतन्त्रता विरोधी प्रावधानमा सुधार भएको छ। यसले गर्दा पत्रकारिता क्षेत्रको मात्र नभई लोकतान्त्रिक मूल्य मान्यताको रक्षाका लागि काम गर्ने अग्रणी नागरिक संगठनको रुपमा महासंघको उपस्थिति देखिएको छ ।

नेपाल बार एसोसियसन, गैरसरकारी संस्था महासंघ, नेपाल मेडिकल एसोसिएसन लगायतका अन्य पेशागत संघ संगठनहरुसँग महासंघको सहकार्य यो अवधिमा सुदृढ भएको छ । जसले जनआन्दोलनताका रहेको पेशागत संघसंगठनहरुबीच सहकार्यको वातावारणलाई नवीकरण गर्नसमेत सहज भएको छ ।

## श्रमजीवीको पेशागत सुरक्षा :

श्रमजीवी पत्रकारहरुको हकहित र अधिकार रक्षाका लागि नयाँ नेतृत्व आइसकेपछि बसेको पहिलो केन्द्रीय समिति बैठकले श्रमजिवी पत्रकार हित प्रवर्द्धन समिति गठन गरी त्यसमार्फत निरन्तर काम गर्दै आएको छ । यस अवधिमा श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक बृद्धि गरियो । श्रमजीवी पत्रकार कल्याण कोष स्थापनाका लागि अदालतमा महासंघले दायर गरेको रिटमा अदालतबाट महासंघको पक्षमा आदेश जारी गरियो । महासंघमा पत्रकारहरुको पेशागत हकहित र सुरक्षासम्बन्धी उजुरीहरु ठूलो संख्यामा पर्न आए । जसको सम्बोधनका लागि महासंघले सम्बन्धित सञ्चारगृहसँग पत्राचार, वार्ता गर्ने र त्यसबाट सम्भव नभए आन्दोलनमार्फत समस्या समाधान गर्ने काम गऱ्यो ।

यस अवधिमा महासंघको कानूनी सहायता डेस्कले १ सय भन्दा बढी पत्रकारहरुकातर्फबाट विभिन्न न्यायालय वा अर्धन्यायिक निकायहरुमा निःशुल्क मुद्दा दर्ता र बहस गरी उनीहरुको अधिकार रक्षाका लागि काम गऱ्यो । यीमध्ये ७० वटा मुद्दामा श्रमजीवी पत्रकारहरु आफ्नो अधिकार प्राप्त गर्न सफल भए ।कोभिड- १९ महामारीका कारण ठूलो संख्यामा पत्रकारहरुले रोजगारबाट निकालिने, पारिश्रमिक नपाउने, कम पारिश्रमिक पाउने, नियमित रुपमा पारिश्रमिक नपाउने जस्ता समस्या भोग्नु पऱ्यो । महासंघमा यससम्बन्धमा ५७० भन्दा बढी पत्रकारहरुको लिखित तथा मौखिक उजुरी परेकोमा सम्बन्धित सञ्चारगृहसँग वार्ता तथा संवादको माध्यमबाट ५३० भन्दा बढी यस्ता मुद्दाहरुलाई सहमतिमा टुंग्याउन महासंघ सफल भयो। कतिपय अवस्थामा महासंघले आन्दोलनका माध्यमले पनि यस्ता विषयवस्तु टुंग्याएको थियो भने केहीमा कानूनी उपचारका लागि

पहल समेत गरेको छ ।

**महासंघको पुनर्संरचना र पत्रकारको हित :**

महासंघको संगठनात्मक पुनर्संरचनामा यो अवधिमा देश संघीयतामा गइसकेको अवस्थामा महासंघको संरचनालाई पनि संघीय आधारमा निर्माण गर्नुपर्ने आवश्यकताअनुरुप महासंघले प्रदेश समितिका निर्वाचनहरु सम्पन्न गरेको छ । महासंघको विधानले परिकल्पना गरेअनुसार दशै प्रदेशमा प्रत्यक्ष निर्वाचनमार्फत प्रदेश समितिहरु गठन गरिएका हुन् । प्रदेश समितिहरुका निर्वाचनले महासंघ केन्द्रीय समिति निर्वाचन पनि प्रत्यक्ष मतदानका आधारमा गर्न सकिन्छ भन्ने विश्वास दिलाएको थियो । सोहीअनुसार महासंघको पोखरामा सम्पन्न साधारणसभाले केन्द्रीय समितिको निर्वाचन पनि सबै सदस्यहरुको प्रत्यक्ष मतदानमार्फत गर्ने निर्णय गरिसकेको छ । त्यसैगरी यस अवधिमा महासंघलाई ट्रेड यूनियनका रुपमा विकास गर्नका लागि अध्ययन गरी आधारहरु समेत तयार गरिएका छन् ।

महासंघको शुद्धीकरण र व्यवसायिक पत्रकारिता प्रवर्द्धन अन्तर्गत महासंघमा सदस्यता सुद्धीकरणको योजनालाई अभियानकै रुपमा अघि बढाइयो । यसैगरी केन्द्र र प्रदेशको नेतृत्वलाई नेतृत्व विकास तालिम दिनुका साथै व्यवसायिक पत्रकारिता प्रवर्द्धनका लागि कार्य अघि बढाइएको छ । पत्रकारको दक्षता अभिवृद्धिअन्तर्गत महासंघले यस अवधिमा विभिन्न प्रशिक्षण कार्यक्रमहरु आयोजना गर्ने र विभिन्न विधागत पत्रकारिताका लागि पुरस्कारहरुको व्यवस्था गरेको छ । यसै अवधिमा सञ्चारगृहहरुमा काम गर्न शुरु गरेका नयाँ पत्रकारहरुलाई लक्षित गरी सञ्चारगृहमा नै गई पत्रकारिताको आधारभूत र विशिष्ट तालिम सञ्चालनका लागि पाठ्यक्रम निर्माण गरी तालिम सञ्चालनको शुरुवात पनि गरेको छ ।

महासंघ आफैले र प्रेस काउन्सिलसँगको सहकार्यमा विपद् तथा महामारीका बेला रिपोर्टिङका लागि निर्देशिका, बाल संवेदनशील पत्रकारिता निर्देशिका, लैंगिकमैत्री पत्रकारिता निर्देशिका लगायत तयार गरेर लागु गरेको छ। वर्षौंदेखि योजनामा रहेको महासंघमा इ-लाइब्रेरीको स्थापनाका हकमा पनि गैरआवासीय नेपाली संघसँगको सहकार्यमा इ-लाइब्रेरीको भौतिक पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ ।

**मिडिया प्रवर्द्धन, व्यवसायिक विकास र पत्रकारको संरक्षण :**

मिडियाको प्रवर्द्धन र व्यवसायिक विकासका क्षेत्रमा पनि यस अवधिमा महासंघले सञ्चारगृहहरुलाई लैंगिक तथा अपांगतामैत्री बनाउनका लागि मापदण्डहरु निर्धारण गरी सञ्चारगृहहरुसँग पैरवीको काम अघि बढाएको छ । यसका लागि सञ्चारगृहहरुको स्वमूल्यांकनका लागि विधि तयार गरी सञ्चारगृह स्वयंले आफ्नो मूल्यांकन गर्दै सुधारका पहलहरु गर्ने दिशामा काम अघि बढाएको छ । सञ्चारमाध्यममा लगानीको पारदर्शिता, सम्पादकीय स्वतन्त्रता, लैंगिक समानता र सामाजिक समावेशीकरण, पत्रकार सुरक्षा जस्ता विषयलाई प्राथमिकतामा राखी दस्तावेज निर्माण गरिएको छ ।

नेपाली मिडियालाई सेवामूलक उद्योगको मान्यता दिलाउन महासंघ सफल भएको छ । औद्योगिक ऐन संशोधन गरी मिडियालाई सेवामूलक उद्योगको मान्यता दिइएको छ । यसैगरी मिडिया नीति, कानून र संरचना निर्माणको विषय यो अवधिमा महासंघको प्रमुख कार्य रहे । संघ, प्रदेश तथा स्थानीय सरकारहरुले विभिन्न कानूनहरु निर्माण गरिरहेको अवस्थामा ती कानूनहरुमा प्रेस स्वतन्त्रता प्रत्याभूत गर्न छलफल, संवाददेखि आन्दोलनसम्मका गतिविधिमा महासंघ संलग्न रह्यो । महासंघ स्वयंले राष्ट्रिय तथा प्रादेशिक आमसञ्चार ऐनहरु तथा सार्वजनिक सेवा प्रसारणको नमूना मस्यौदा तयार गरी सरकारहरुलाई पेश गर्ने काम गर्‍यो भने संघ तथा प्रदेशहरुले निर्माण गरेका मिडियासम्बन्धी सबै कानूनहरुको विश्लेषण गरी सम्बन्धित सरकार तथा संसदलाई सुझाव दिने काम भए । यसरी महासंघ कतिपय कानूनहरुमा संशोधन गराउन र परिमार्जन गर्न सफल रह्यो भने कतिपयमा अझै पनि थप छलफल चलाउनु पर्ने आवश्यकता छ ।

प्रेस तथा सञ्चार क्षेत्रसँग सम्बन्धित मात्र नभई मानवअभिकार, नागरिक संगठन, फौजदारी तथा देवानी संहिता जस्ता कानूनहरुमा रहेका गैरलोकतान्त्रिक र अधिकार कटौती हुनसक्ने खालका प्रावधानहरुका विरुद्ध

महासंघ स्पष्ट रुपमा उभिएको छ । अन्य विभिन्न पेशागत संगठनहरुसँगको सहकार्यमा महासंघले यी कानूनहरुमा सुधारका लागि पहल गऱ्यो । महासंघ यो अवधिमा विगतका वर्षहरुमा कम हुँदै गएको नागरिक संगठनको छविलाई उकास्न सफल रह्यो । शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) मा संलग्न अन्य पेशागत संगठनहरुसँगै अन्य संगठनहरुसँगसहकार्यको विकास भएको छ ।

यसैगरी यस अवधिमा महासंघको अगुवाईमा सर्वोच्च अदालतमा समानुपातिक विज्ञापन नीति कार्यान्वयनका लागि रिट हालियो । अदालतले कानून बनाएर समानुपातिक विज्ञापन नीति लागू गर्न आदेश दिएबमोजिम संसदबाट विज्ञापन ऐन पारित भइसकेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार सबैप्रकारका सरकारी विज्ञापन समानुपातिकढंगले वितरण गर्न महासंघले दवाव दिइरहेको छ । ३० वर्षसम्म निरन्तर पत्रकारिता गरेका साठी वर्ष नाघेका वरिष्ठ पत्रकारहरुलाई मासिकरुपमा जीवन निर्वाह भत्ताको व्यवस्था गर्न महासंघकै मागअनुरुप सञ्चार मन्त्रालयमार्फत् ५ करोड ३४ लाख रकमको अक्षय कोष खडा गरिएको छ । पत्रकार दुर्घटना विमालाई स्वास्थ्य विमाकारुपमा समेत बिस्तार गर्ने काम अघि बढाइएको छ । महासंघमा १ करोड राशीको आपतकालीन कोष खडा गरिएको छ । मिडियालाई सहुलियतपूर्ण ऋण दिने निर्णय भएको छ । श्रमजीवी पत्रकारका लागि सामाजिक सुरक्षाको व्यवस्थाका लागि आधार खडा गरिएको छ ।

**महासंघको संरचनागत उपलब्धि :**

- अहिले महासंघको केन्द्र, १० प्रदेश, ७६ जिल्ला शाखा, ४१ प्रतिष्ठान, १२ एसोसिएट (संस्थागत) र १०वटा वैदेशिक शाखामा आवद्ध छन् । विगतमा १३ हजारभन्दाबढी सदस्यमध्ये शुद्धीकरण अभियानमार्फत हाल सदस्य संख्यामा ठूलो फेरबदल भएको अवस्था छ । वैदेशिक शाखाहरूमा मात्रै सदस्य संख्या १५७पुगेको छ । महिला सदस्य २ हजार ४००नाघेको छ ।यति ठूलो सदस्य संस्था र सञ्जाल भएको पत्रकारहरूको देशमै एक मात्र सङ्गठन नेपालका लागि मात्र नभएर विश्वमै नमूनाको रूपमा रहेको छ ।
- निश्चित अवधिभित्र खुला लोकतान्त्रिक प्रक्रियाका आधारमा नेतृत्वको चयन भई व्यवसायिक पत्रकार हरूनिर्वाचित भएर आउने व्यापक विविधतायुक्त र पूर्णतः समावेशी नेतृत्व बनाउन सफलता मिलेको छ ।
- ट्रेड यूनियन र श्रम अभ्यास गर्ने साझा संस्थाका औपचारिक आन्तरिक वैधानिक व्यवस्था, श्रमजीवी पत्रकार ऐन नियमको कार्यान्वयनका लागि सामूहिक सौदावाजी गर्नसक्ने हैसियत भएको छ ।
- प्रेस स्वतन्त्रता रक्षकका रूपमा सशक्त पहिचान, प्रेस स्वतन्त्रता हननको वैज्ञानिक तथा व्यवस्थित अनुगमनको क्षमता तथा प्रेस स्वतन्त्रताविरोधी कुनै पनि गतिविधिसँग लड्ने सामर्थ्य बढेको छ ।
- विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सहयोगमा विविध विषयवस्तुमा पत्रकारहरूलाई सीपविकास तथा ज्ञानआर्जनसँग सम्बन्धित तालिमलगायतका गतिविधि गर्ने क्षमता रहेको छ ।
- स्वतन्त्रएवम् उत्तरदायी पत्रकारिताको विकासका लागि महासंघभित्र मात्र नभएर समग्र पत्रकारिता जगतमै शुद्धीकरण अभियान सञ्चालन गरिने विषयमा जीवन्त छलफल कायम भएका कारणउल्लेख्य परिणाम हासिल गर्न सकिने अवस्थामा पुगेको छ ।
- मिडियामा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणा कार्यान्वयन गर्नुपर्छ भन्नेमा नीतिगत स्पष्टता आएको छ ।
- आम सदस्यहरूसँगै नेतृत्व तहमा पनि मूलतःश्रमजीवी पत्रकारहरूको वर्चश्व हुने गरेकाले श्रमजीवीका मुद्दाहरूले प्राथमिक स्थान पाइरहनु, साना लगानीका मिडिया प्रवर्द्धनका उपाय पहिल्याउने र सम्भाव्यता अध्ययन गर्नसक्ने क्षमता विकास भएको छ ।
- नागरिक समाज तथा पेशागत क्षेत्रका विभिन्न संघसंस्थाका साथै सरकारी एवम् गैरसरकारी राष्ट्रिय

संघसंस्थाका बीच नेतृत्वदायी पहिचान तथा सहकार्यको वातावरण बनेको छ ।

- पत्रकारहरूको हितका लागि पत्रकार कल्याण कोष, आपतकालीन राहत कोषजस्ता स्थायी कोष, सामाजिक सुरक्षा र पत्रकारितासम्बन्धी परियोजना सञ्चालन भएको छ ।
- अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आईएफजे), आइफेक्सलगायतका अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सम्बन्ध तथा सहकार्यमा बृद्धि भएको छ ।
- पत्रकारको भौतिक सुरक्षातर्फ केही सकारात्मक उपलब्धि, जस्तैः- पत्रकार हत्याका घटना नहुनु, संख्यात्मकरूपमा पत्रकारमाथिका आक्रमणमा केही कमी आउनु र कतिपय घटनामा आक्रमणका दोषीहरू कारवाहीको दायरामा आउनु ।
- प्रेस स्वतन्त्रता हननको अनुगमनका तयार गरिएको साझा मानदण्डमा आधारित भई अनलाइन तथ्यांक व्यवस्थापनको प्रविधिलाई थप संस्थागत गरिएको ।
- नेपाली मिडियामा लगानीको पारदर्शिताको प्रवर्द्धन, मिडियामा एकाधिकार र सघनताको अन्त्य, समाचार कक्ष र विषयवस्तुमा बहुलता-विविधताको प्रवर्द्धन, प्रशिक्षण प्रतिष्ठान र स्वनियमनकारी निकायको स्थापना, विदेशी टेलिभिजनको विज्ञापनरहित (क्लीन फिड) प्रसारण र ध्वनीकरण (डबिङ) को अन्त्यका साथै समानुपातिक विज्ञापन वितरण सम्बन्धी ऐनको व्यवस्था तथा विभिन्न नीतिगत विषयमा स्पष्टता र बुझाइमा एकरूपता कायम ।
- राष्ट्रिय मानव अधिकार अयोगमा आयोगका सदस्यको नेतृत्वमा रहने गरी छुट्टै अभिव्यक्ति स्वतन्त्रता अनुगमन संयन्त्रको कार्यविधि तयार ।
- सञ्चार क्षेत्रलाई थप पारदर्शी, उत्तरदायी र सक्षम आन्तरिक सुशासनका साथै पत्रकारहरुको पेशागत तथा भौतिक सुरक्षा सुनिश्चिति गर्न सञ्चारगृहका लागि स्वमूल्यांकन विधि, आन्तरिक सुशासनका लागि आवश्यक नीति, पत्रकार सुरक्षा निर्देशिका जस्ता दस्तावेजहरु तयार गरी सञ्चारगृहहरुसँग संवाद र पैरवीको कामको थालनी भएको छ ।
- महासंघको आन्तरिक सुशासनलाई थप सबल बनाउन विगतमा अभाव खट्किएका लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति लगायत नयाँ नीति निर्माण भएको र आर्थिक, प्रशासनिक, मानव संशाधन जस्ता कायम रहेका नीतिहरुलाई नयाँ श्रम ऐन र अन्य कानूनअनुसार समयसापेक्ष परिमार्जन गरिएको छ ।
- संघ र प्रदेश सरकारले बनाएका वा बनाइरहेका सञ्चारसम्बन्धी कानूनहरुका विश्लेषण गरिएको वा नमूना कानूनको निर्माण गरी सम्बन्धित सरकारहरुलाई बुझाइएकाले त्यस्ता कानूनहरुमा संशोधन र परिमार्जनका पैरवी गर्न आवश्यक दस्तावेज तयार भएको छ ।

**परियोजनातर्फः**

नेपाल पत्रकार महासंघले आफ्नो उद्देश्य प्राप्तिका लागि आफैले निर्माण गरेको परियोजनाअन्तर्गत विभिन्न बाह्य साझेदार संस्थाहरुसँगको सहकार्य गर्दै आएको छ । यस अन्तर्गत गत २५औं महाधिवेशन अघि सञ्चालनमा रहेका परियोजनाहरुलाई निरन्तरता दिइएको छ भने कतिपय परियोजना समाप्त भइसकेका छन् । त्यसैगरी केही नयाँ परियोजना यस अवधिमा पनि सञ्चालन गरी सम्पन्न भइसकेका छन् ।

महासंघमा एफएचआइ ३६० तथा युएसएआइडीको सहयोगमा सञ्चालन गरिरहेको पारस्परिक जवाफदेहिताका परियोजना हाल सञ्चालनमा रहेको छ । महाधिवेशनअघि नै शुरु भएको त्यो परियोजनाका अधिकांश गतिविधिहरु यसै अवधिमा सम्पन्न भएका छन् । परियोजनाअन्तर्गत महासंघले सञ्चारगृहहरुको स्वनियमनका लागि स्वमूल्यांकन ‘टुलकिट’ तयार गरी विभिन्न सञ्चारगृहहरुमा त्यसको परीक्षण समेत गरिसकेको छ । सो ‘टुलकिट’ लाई आगामी दिनमा पूर्णता दिई सञ्चारगृहहरुमा उपयोग गर्न प्रेरित गरिने छ ।

इन्टरनेशनल अलर्टको सहयोगमा सञ्चालनमा रहेका अभिव्यक्तिको अधिकार परियोजना यस अवधिमा सम्पन्न भएको छ। परियोजनाअन्तर्गत महासंघले विभिन्न चरणका निर्वाचनअघि मिडिया मिसनहरु सञ्चालन गरेको थियो भने सुनसरी, पर्सा, रुपन्देही, बाँके तथा कैलाली जिल्लामा फ्रि मिडिया नेटवर्क गठन गरी सरोकारवालाहरुसँग प्रेस स्वतन्त्रता तथा पत्रकार सुरक्षाका बारेमा छलफल पनि गरेको थियो। त्यस्तो छलफल गर्ने थलोलाई निरन्तरतादिनु पर्ने निष्कर्षमा महासंघको केन्द्र पुगेको छ र तिनलाई आफ्नै स्रोतअन्तर्गत सबै जिल्लामा निर्माण गर्ने तयारी गरिँदैछ।

**अन्तर्राष्ट्रिय सम्बन्ध :**

महासंघले विभिन्न देशमा रहेका पत्रकार र पत्रकारसम्बद्ध संस्थाहरुसँग मैत्रीपूर्ण सम्बन्धलाई उच्च महत्व दिएको छ। नेपालमा भएका प्रेस स्वतन्त्रता हनन्का घटनामा अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे), इन्टरनेसनल फ्रिडम अफ एक्सप्रेसन एक्सचेन्ज (आइफेक्स) लगायत संस्थाहरुले गहिरो चासो र सरोकार व्यक्त गर्दै आइरहेका छन्। आइएफजेले नेतृत्व विकासलगायतका विषयमा महासंघलाई सघाउँदै आएको छ।

विभिन्न देशका पत्रकारहरुले नेपाल भ्रमण गर्दा सञ्चारग्रामस्थित महासंघको भ्रमण गर्ने र विचार आदानप्रदान गर्ने काम भइरहेको छ। अलचाइना जर्नालिष्ट एसोसिएसन र महासंघबीचको भ्रमण आदानप्रदान निरन्तर जारी छ। एसोसिएसनको भ्रमण टोली नेपाल आएको बेला दुई संस्थाबीच नयाँ समझदारीपत्रमा समेत हस्ताक्षर भएको छ। अनुभव आदानप्रदान गर्न भ्रमणलाई निरन्तरता दिनुका साथै चीन सरकारले अघि सारेको 'बेल्ट एण्ड रोड इनिसियटिभ' का सम्बन्धमा चिनियाँ र नेपाली पत्रकारहरुबीच सहकार्य गर्ने समझदारी भएको छ। नेपालमा रहेका विभिन्न दूतावासको अधिकारीहरुसँग पनि महासंघको हित र प्रेस स्वतन्त्रताका सम्बन्धमा छलफल र भेटघाट हुँदै आएको छ।

**सञ्चार स्रोतकेन्द्र र सञ्चार संग्रहालय :**

सञ्चारग्रामस्थित नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालय भवनलाई बहुउपयोगी बनाउने कार्य प्रारम्भ भएको छ। गैरआवासीय नेपाली संघको सहकार्यमा लाइब्रेरी तथा स्रोत केन्द्रको निर्माण सम्पन्न भइसकेको कुरा गौरवका साथ राख्न चाहन्छु। स्रोत केन्द्रको सञ्चालनपछि पत्रकारहरुलाई महासंघमा बसेर अध्ययन, चिन्तन र अनुसन्धान गर्न सहज हुने विश्वास छ। स्रोत केन्द्रलाई आधुनिक र उपयोगी बनाउने प्रयास भइरहेको छ।

महासंघ केन्द्रीय कार्यालयमै नेपाली सञ्चारक्षेत्रको इतिहासलाई सुरक्षित गर्ने उद्देश्यले सञ्चार संग्रहालय निर्माण गर्ने योजना अघि बढाइएको छ। पुरातत्व विभागको प्राविधिक सहयोगमा संग्रहालय निर्माण गर्ने अवधारणा तयार गरिएको छ। संग्रहालय निर्माणपछि नेपाली सञ्चारक्षेत्रको इतिहास सुरक्षित हुनुका साथै नयाँ पुस्ताका लागि अध्ययनको स्रोतसमेत बन्ने छ। महासंघमा रहेको सभा हललाई व्यवस्थित र आधुनिक बनाउने योजना छ। सञ्चारग्राममै रहेको पत्रकार आवासगृहलाई थप व्यवस्थित बनाउनुका साथै पत्रकार महिलाका लागि समेत छुट्टै आवासगृह बनाइएको छ। महासंघ केन्द्रीय कार्यालय रहेको भवनलाई आमपत्रकार हरुको हितमा बहुउपयोगी बनाउने योजनाअनुरुप कार्य अघि बढेको छ।

**आमसञ्चारको जगेर्नाका लागि :**

महासंघको पहलमा पत्रकारको दक्षता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिमका कार्यक्रमहरू सञ्चालन गरिएका छन्। यस अवधिमा महासंघलेमिडियाको प्रवर्द्धन र व्यवसायिक विकासमा समेत गतिविधिहरु सञ्चालन गरेको छ। आमसञ्चार जगतलाई ज्ञानमा आधारित सेवा उद्योगको मान्यता दिन र सोहीअनुरुप विकास गर्न आवश्यक सुविधा, सहुलियत र पूर्वाधारको व्यवस्था गर्न, पत्रकारद्वारा सञ्चालित, साना लगानी र स्थानीय तहका सञ्चारमाध्यमको उचित संरक्षण गर्न, सरकारी विज्ञापनको समुचित र समानुपातिक वितरण प्रणाली लागू गर्न, स्थानीय विज्ञापन स्थानीय सञ्चार माध्यमलाई नै उपलब्ध हुने व्यवस्था मिलाउन महासंघले ठोस अवधारणासहित काम गरेको छ। यस अवधिमा महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता

एवम् नीतिगत र कानूनी सुधारको पक्षमा समेत प्रभावकारी ढंगले लविङको भूमिका निभाएको छ ।

प्रेस स्वतन्त्रता हनन्का घटनाको प्रभावकारी अनुगमनका लागि महासंघको पहलमा अनुगमन मानदण्ड तयार गरिएको थियो । अहिलेसम्म पनि सञ्चारसम्बन्धी कानून र संरचना निर्माण प्रक्रिया पूरा नभएकाले महासंघले यसमा अझै ध्यान पुऱ्याउनुपर्ने आवश्यकता छ । यस अवधिमा महासंघले नागरिक अगुवा संस्थाका रूपमा क्रियाशीलता देखाएको छ । सूचनाको हक, नागरिक अधिकार, मानव अधिकारका कैयौ मुद्दामा महासंघले उल्लेख्य भूमिका खेलेको छ ।

महासंघको संस्थागत विकासका लागि यस अघिदेखि नै भएका धेरै प्रयासहरुलाई संस्थागत गर्दै महासंघको केन्द्रीय कार्यालय/सचिवालयलाई सुदृढ गर्ने दिशामा यो अवधि उपलब्धिपूर्ण रह्यो । नयाँ भर्ना गरिएका कर्मचारीहरुलाई पूर्णरुपमा खुल्ला प्रतिष्पर्धा गराईसीप र दक्षताको आधारमा भर्ना गर्ने प्रक्रियालाई संस्थागत गरियो ।

यसरी महासंघ केन्द्रीय कार्यालयमा प्राविधिकरुपमा दक्ष कर्मचारीहरुको उपस्थितिका कारण महासंघका गतिविधिहरु योजना निर्माणका र नियमित अनुगमनका आधारमा सञ्चालन गर्न सहज भएको छ । खुल्ला प्रतिस्पर्धामार्फत छनौट गर्दा समावेशीकरणलाई समेत प्राथमिकतामा राखेकाले महासंघमा महिला कर्मचारीहरुको संख्यासमेत झण्डै ५० प्रतिशत पुऱ्याउन सफलता मिलेको छ ।

अबका दिनमा महासंघको सचिवालयलाई भौतिकरुपमा सुविधासम्मपन्न गराउने दिशामा काम गर्दै पुराना दस्तावेजहरु संकलन गरी डिजिटलाइज गर्ने र महासंघको संस्थागत स्मृतिसुदृढ बनाउने कामलाई प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ । जसले गर्दा महासंघको नेतृत्व वा कर्मचारीमा आएको परिवर्तनपश्चात पनि संस्थागत निर्णय र नीतिहरु निरन्तर रुपमा थाहा पाउन र तिनका आधारमा काम गर्न सहज हुनेछ ।

अर्को तितो अनुभवका रुपमा विश्व महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण श्रमजीवी नेपाली पत्रकारहरुले ठुलो समस्या भोग्नु परेको अवस्था रह्यो । कोरोना भाइरस संक्रमणको बहानामा ठूला भनिएका सञ्चारगृहबाट नै पत्रकारलाई सेवाबाट बञ्चित गर्ने, नियमित सेवा सुविधा उपलब्ध नगराउने, बेतलबी बिदामा राख्ने जस्ता कार्यले श्रमजीवी पत्रकार तथा तिनमा आश्रित परिवारले आर्थिक समस्या झेल्नुपर्यो । ५ सयभन्दा बढी पत्रकारहरुलाई संक्रमण भएको छ ।

**बाँकी चुनौतीः**

लोकतान्त्रिक मूल्य मान्यताका आधारमा पत्रकारिताको व्यवसायिक अभ्यासलाई मर्यादित, उत्तरदायी बनाउने चुनौती हामीसामु छ । सूचना संप्रेषणमा कसैप्रति पनि भेदभाव नहुने र निजी स्वार्थपूर्तिका लागि सूचनाको प्रवाह, पीडित वा प्रभावितलाई थप पीडा दिने काममा सचेतना आवश्यक छ ।

मुलुकको अग्रगामी विकासका लागि सूचनाको माध्यमबाट स्वच्छ जनमत निर्माण गर्ने दिशामा महासंघका गतिविधि केन्द्रित हुनुपर्छ । महासंघलाई ट्रेड यूनियन संस्थाको रुपमा लैजानका लागि वैधानिक आधारलाई मुर्तरुप दिनुपर्ने अवस्था छ । उचित श्रम अभ्यास र श्रमिक संगठनका रुपमा अझै दह्रोसँग उभिन आवश्यक छ । न्यूनतम् पारिश्रमिक कार्यान्वयन्, स्थायी नियुक्ति, पुनर्बहाली, तलब, प्रोभिजन फण्डमा अझै पनि समस्याहरु छन् ।

अर्कातर्फ साना लगानीका मिडियामा कार्यरत पत्रकारको अपनत्व कायम हुनेगरी काम गर्नुपर्ने चुनौती छ । अनि सञ्चार संस्थामा समावेशिताका लागि ध्यान दिनुपर्दछ । यसका लागि नारामा भन्दा केही काम गरेर देखाउनुपर्ने चुनौती छ । पत्रकारको हत्या, बेपत्ता र आक्रमणमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रता हनन्का घटना रोक्ने र दोषीलाई कारवाही गराउने दिशामा भएका कामकारवाहीको पुनर्समीक्षा जरुरी छ ।

सामाजिक एवम् साँस्कृतिकरुपले पछि पारिएका दलित, आदिवासी, मधेशी, थारु, मुस्लिम एवम् उत्पीडित,

अल्पसंख्यकलाई सञ्चारमाध्यममा प्रोत्साहित गर्ने कार्यक्रम ल्याउनुपर्ने आवश्यकता देखेको छु। गतिविधिका लागि स्रोत र साधनको विकल्पका लागि सामुहिक प्रयत्न गर्न समेत मेरो आग्रह छ। आफ्ना प्रतिवद्धताअनुरुप काम भए कि भएनन् भनेर हेर्न भिन्नै अनुगमन संयन्त्रको आवश्यकता महसुस महासंघले गरेको छ।

यसैगरी महासंघको सङ्गठनात्मक पुनर्संरचना र संस्थागत विकासको काममा भने केही सफलता मिलेको देखिन्छ। सङ्गठनात्मक पुनर्संरचना अन्तर्गत केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सङ्गठनात्मक ढाँचामा लैजाने गरी विधान संशोधन भएको छ। यसैगरी शुद्धीकरण र व्यवसायिक पत्रकारिता प्रवर्द्धनका लागि सकारात्मक पहलहरु भएका छन्। यसलाई महासंघले निरन्तर अघि बढाउनुपर्ने खाँचो छ। यस्तै पत्रकारको दक्षता अभिवृद्धिका लागि 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' स्थापनाको अवधारणा र कानूनको खाका समेत सरकारलाई बुझाइएको छ। यो कार्यान्वयन भएको हेर्न भने बाँकी नै छ।

**तत्कालीन कठिनाइहरु**

- तीनै तहका सरकार र संसदहरुले नयाँ नीति तथा कानूनहरु निर्माण गरिरहेको अवस्थामा सञ्चारसम्बद्ध कानूनहरु प्रेस स्वतन्त्रतामैत्री नहुनु।
- राष्ट्रिय आमसञ्चार नीतिले निर्दिष्ट गरेअनुसार नयाँ कानून तथा संरचना निर्माण गर्ने क्रममा प्रेस स्वतन्त्रतालाई संकुचित गर्ने अभ्यास देखिनु।
- न्यूनतम पारिश्रमिकलगायत श्रमजीवी पत्रकारसम्बन्धी कानूनहरूआंशिक मात्र कार्यान्वयन भएको अवस्था।
- 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' स्थापना हुने वातावरण निर्माण हुन नसक्नु, प्रदेशस्तरमा बन्न लागेका प्रतिष्ठानहरुको गठनमा पनि समस्या देखिनु।
- प्रेस स्वतन्त्रताको पूर्ण पालनाको वातावरण सुदृढ हुनु पर्नेमा थप जटिल बन्दै जानु, दण्डहीनताको अवस्था अन्त्य नहुनु।
- आमसञ्चारको क्षेत्रमा बहुलता, विविधता, लैंगिक समानता र सामाजिक समावेशीकरणको अवधारणालाई मूर्तरुप दिन कानूनी र व्यवहारिकरुपमा कठिनाइ हुनु र त्यसका लागि सञ्चारगृहहरु समेत तयार नदेखिनु।
- स्वरोजगारमूलक तथा साना लगानीका मिडियाहरूलाई प्रबर्द्धन गर्दै लोकतन्त्र, प्रेस स्वतन्त्रता, नागरिक अधिकार र सम्पादकीय स्वतन्त्रताको भरपूर उपयोगमार्फत विविधता र बहुलताको प्रवर्द्धन गर्ने दिशामा व्यवधानहरु देखिनु।
- अनलाइन मिडियाहरूखुल्ने क्रम उत्साहजनकरूपमा बढिरहेको अवस्थामा अनलाइन पत्रकारितालाई सम्बोधन गर्ने कानूनको अभावको फाइदा उठाउँदै राज्यले विद्युतीय कारोवार ऐनलगायतका विभिन्न ऐन तथा अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका जस्ता उपायहरू प्रयोग गरी पत्रकारहरूलाई अनावश्यक दुःख दिइरहेको अवस्था।
- कोभिड-१९ महामारीले सञ्चार क्षेत्रमा पारेको तत्कालीन असर रसम्भावित दीर्घकालीन प्रभावका कारणपत्रकारहरुको पेशागत सुरक्षा सुनिश्चित हुन नसक्ने अवस्था आउनु र मिडिया सञ्चालनका लागि राहत वा सहुलियतको व्यवस्था नहुनु।
- लोकतान्त्रिक तथा गणतन्त्रात्मक कालमा पनि पत्रकारलाई, धम्की, सांघातिक आक्रमणलगायत प्रेस स्वतन्त्रता हननका घटनाहरू श्रृंखलाबद्धरूपमा जारी रहेका छन्। विगतको तुलनामा पछिल्लोएक दशकको शान्तिपूर्ण राजनीतिक वातावरणमा भौतिक सुरक्षाको अवस्थामा निकै सुधार भएको देखिए पनि प्रतिकूलताहरू अद्यापि कायम रहेका छन्। नेपालमा प्रेस स्वतन्त्रताको अवस्था विगतभन्दा केही सुधिएको

देखिए पनि सन्तोषजनक स्थिति कायम भइसकेको छैन ।

- पत्रकार सुरक्षाको दुष्टिकोणले हेर्दा पत्रकारहरुमाथि हुने भौतिक आक्रमण र धम्कीका घटनाहरु केही घटेका भएपनि पछिल्ला केही वर्षमा विभिन्न बहानामा पत्रकारहरुलाई गिरफ्तार गर्ने क्रम बढेको छ । पत्रकारहरुमाथि भएका घटनाहरुमा दण्डहीनताको अवस्थामा सुधार आउन सकेको छैन । केही घटनाका दोषीहरु कारवाहीको दायरामा आएका भए पनि अधिकांश घटनाहरुमा दोषीमाथि कारवाही भएको अवस्था छैन । यी विषयले प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षामा चिन्ता र चासो बढाएको छ ।

**पत्रकारको पेशागत सुरक्षाको विषय :**

पत्रकारको पेशागत सुरक्षा पत्रकार महासंघको प्राथमिकताको मुद्दा हो । न्यूनतम पारिश्रमिक निर्धारण तथा कार्यान्वयनलगायत श्रमजीवी पत्रकार ऐन २०५१ बमोजिमका सम्पूर्ण व्यवस्थाको कार्यान्वयन महासंघको अभियानकै रूपमा रहेको छ । अभियानकै परिणामस्वरूपश्रमजीवी पत्रकारका मुद्दालाई बेवास्ता गर्ने वा ऐन कार्यान्वयनमा उपेक्षा गर्ने प्रवृत्तिमा केही हदसम्म सुधार आएको छ । न्यूनतम पारिश्रमिकको भुक्तानी र समयमै पारिश्रमिक दिनेलगायतका ऐनका व्यवस्था कार्यान्वयनमा भने चुनौती नै छ ।

नेपाल पत्रकार महासंघको अग्रसरतामा पत्रकारहरूको सामाजिक सुरक्षाका क्षेत्रमा पनि केही ठोस पहल भएका छन् । पत्रकार बीमा कार्यक्रम लागू गरिएको छ भने जेष्ठ पत्रकार सम्मान वृत्तिको प्रारम्भ गरिएको छ । पत्रकार कल्याण कोषमा रकम बृद्धि, आपतकालीन राहत कोषको स्थापना, पत्रकार सन्तति शैक्षिक बृत्ति कोषको सञ्चालन, स्वास्थ्य उपचार सहयोग र सरकारी अस्पतालमा ५० प्रतिशत छुटको व्यवस्था जस्ता क्रियाकलापहरूको निरन्तरताको आबस्यकता छ । यसले पनि पत्रकारहरूको पेशागत सुरक्षाका लागि योगदान पुऱ्याउने स्पष्ट छ ।

कोरोना महामारीका कारण आक्रान्त रहेको पछिल्लो वर्ष नेपाली पत्रकारिता क्षेत्रका लागि पनि सुखद हुन नसक्नु स्वभाविक थियो । यसको सबैभन्दा ठूलो असर पत्रकारहरुको पेशागत सुरक्षामा परेको देखियो । कोरोना महामारी कतिपय सञ्चारमाध्यमहरुका लागि पत्रकारहरुलाई रोजगारीबाट विमुख बनाउने ठूलो बहाना बन्यो । वर्षौंदेखि ठूलो मुनाफामा चलिरहेका सञ्चारमाध्यमहरुले समेत महामारीको सुरुवातमा नै पत्रकारहरुलाई जागिरबाट निकाल्ने, तलब घटाउने, बेतलबी बिदामा राख्ने, समयमा तलब नदिने जस्ता काम गरे ।

यसले पत्रकारहरु आफ्नो पेशाप्रति विश्वस्त भएर काम गर्ने वातावरण खल्बलियो । महासंघले यसकाविरुद्ध आन्दोलनर विरोधका कार्यक्रमहरुलाई निरन्तरता दिइरहेको छ। महासंघमा परेका ५०० भन्दा बढी उजुरीहरुमध्ये ४५० भन्दा बढी निक्यौंलमा पुगिसकेको छ भने अझै केहीका लागि महासंघ संघर्षरत रहेको छ ।

**प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको हकमा गर्नुपर्ने कुरा :**

- श्रमजीवी पत्रकारसम्बन्धी ऐन तथा नियमावलीअनुसार बेसिक तलब नै २४ हजार ५०० नियुक्तिपत्रमै तोकिनुपर्ने ।
- भत्ता, सुविधालाई तलबमा गणना गरिएकाले यसलाई स्पस्ट पारिनुपर्ने र सोही आधारमा सूचना विभागले प्रेसपास जारी गर्नुपर्ने ।
- मिडिया हाउसले तह, योग्यता र पदअनुसारको तलब समायोजन गर्नुपर्ने ।
- मिडिया हाउसलाई थप सुविधाको व्यवस्था गर्दै पत्रकारको सामान्य जीवनयापन गर्ने सेवासुविधा प्रदान गर्न सञ्चार गृहलाई कानूनी रुपमा दबाब दिनुपर्ने ।
- ऐनका बाँकी प्रावधानको कार्यान्वयन तथा पत्रकार वृत्ति विकासको लागि थप काम गर्नुपर्ने ।
- अनुगमन निरन्तर गर्न र प्रभावकारिता बढाउनेतर्फ काम गनुपर्ने ।
- न्यूनतम पारिश्रमिकको व्यवस्था कार्यान्वयन गर्न थप पहल गर्नुपर्ने ।
- हरेक मिडियामा कार्यरत पत्रकार, कर्मचारी र कामदारको बिमा, स्वास्थ्य उपचार र सञ्चयकोषको व्यवस्था गर्न दबाब

दिइनुपर्ने ।

- पत्रकारले आफ्नो क्षमता विकास गर्दै पत्रकारितालाई अझ मर्यादित तथा जिम्मेवार बनाउनुपर्ने ।
- सरकारी सञ्चारमाध्यममा कार्यरत करार र स्ट्रिन्जरको हकमा पनि न्यायपूर्ण व्यवस्था गर्नका लागि पहल गर्नुपर्ने ।
- प्रचलित कानुनमा तोकिएको योग्यताको अतिरिक्त पत्रकारितासम्बन्धी कम्तीमा एक महिनाको तालिम लिएका व्यक्तिहरूमात्र सञ्चार प्रतिष्ठानको श्रमजीवी पत्रकारको पदमा नियुक्ति गर्ने व्यवस्था गरिनु पर्ने ।
- आंशिकरुपमा कार्यरत रहने श्रमजीवी पत्रकार तथा कर्मचारीको न्यूनतम पारिश्रमिक कति हुने भन्ने स्पष्ट गरिनु पर्ने ।
- श्रमजीवी पत्रकारसम्बन्धी ऐन तथा नियमावलीमा भएका सबै प्रावधानहरूको पालना गर्दै सबै ब्रोडसिट पत्रिका, राष्ट्रियस्तरका टेलिभिजन, एफएम तथा अनलाइनहरूले आफ्नो सञ्चार प्रतिष्ठानको विनियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गर्नुपर्ने ।
- ऐन कार्यान्वयन नगर्ने सञ्चारमाध्यमको वर्गीकरण गरी समितिले औचित्य पुष्टि हुनेगरी कारवाहीको सिफारिस गर्नुपर्ने ।
- सम्पादकीय विभागले कामको मूल्यांकनका आधारमा पत्रकारको हौसला वृद्धि गर्नुपर्ने ।
- कोरोनाको कारण देखाएर विस्थापित गरिएका, समस्याग्रस्त र मानसिक पीडामा रहेका पत्रकार, कर्मचारी तथा कामदारलाई अन्तरिम राहातको प्याकेज ल्याइनुपर्ने र समस्याको वर्गीकरण गरेर तत्काल रोजगारीको सुनिश्चितता हुने वातावरण बनाइनुपर्ने । सञ्चार क्षेत्रमा रहेको लगानीको सुरक्षा तथा सम्वर्द्धन गरिनुपर्ने ।

### पत्रकार महासंघको पुनः संरचना :

मुलुकको शासन प्रणालीमा आएको परिवर्तन र राज्यको पुनःसंरचनाको सन्दर्भमा छलफल र बहसहरू चलिरहँदा नेपाल पत्रकार महासंघले भने विधान संशोधन गरेर महासंघको सङ्गठनात्मक ढाँचालाई केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको संघीय प्रणालीमा लगिसकेको छ ।महासंघको विधानको चौथो संशोधन २०७३ ले व्यवस्था गरेको नयाँ सङ्गठनात्मक संरचनाले संघीय प्रणालीमा लगेको हो ।यसका साथै महासंघले समावेशितालाई संस्थाको नीति निर्माण र नेतृत्व तहमा समेत आत्मसात गरिसकेको छ ।

महासंघमा पत्रकार महिलाको उपस्थितिलाई फराकिलो तुल्याउने, प्रत्येक शाखामा कम्तीमा एक जना उपाध्यक्ष महिला अनिवार्य हुने नयाँ व्यवस्था कार्यान्वयनमै आइसकेको छ । जातीय आधारको समावेशीकरण पनि महासंघ केन्द्रदेखि स्थानीय तहसम्म थप विस्तार भएको छ । महासंघलाई ट्रेड युनियन संस्थाको रूपमा लैजान वैधानिक आधार तय भइसकेको छ ।

महासंघको समावेशीकरणको कुरा गर्दा लैङ्गिक, जातीय, क्षेत्रीय, भाषिक कोणबाट बढी चर्चा हुने गरेको वर्तमान सन्दर्भमा यसका साथै विधागत समावेशीकरणलाई समेत जोडेर तथ्यांक राख्नुपर्ने आवश्यकता छ । यसका लागि महासंघको तथ्यांक व्यवस्थापन प्रणालीलाई व्यवस्थित र प्राविधिकरूपमा अद्यावधिक गर्नुपर्ने उत्तिकै आवश्यक रहेको छ ।

### आर्थिक र भौतिक सुरक्षाको विषय :

भौतिक सुरक्षाको कोणबाट हेर्ने हो भने पत्रकारको दुर्घटना बीमा भइसकेको छ । द्वन्द्वपीडित पत्रकार कल्याण कोष कार्यान्वयनको सम्मुख आइपुगेको छ । यसलाई छिटो कार्यान्वयनमा लैजान अझै मेहनत गर्नुपर्ने खाँचो छ । स्वास्थ्य बीमाको अवधारणामाथि छलफल चलिरहेको छ । पत्रकारको हत्या, बेपत्ता एवम् आक्रमणमा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रताको हनन्का घटना रोक्ने र दोषीलाई कारवाही गराउने, पत्रकारविरुद्धको हिंसा एवम् मिडियामा सेल्फसेन्सरसीपको अवस्थाको अन्त्यलगायत पत्रकारको भौतिक सुरक्षा र स्वतन्त्रताको जगेर्ना महासंघको निरन्तर क्रियाशीलताका विषय हुन् । पत्रकारको सुरक्षाको विषयलाई केन्द्रित गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडिया मिसनहरूको सञ्चालन र राष्ट्रिय मानव अधिकार

आयोगसँग मिलेर पत्रकार सुरक्षाका निम्ति एउटा संयन्त्र गठनको गृहकार्य यस्तै क्रियाशीलताका परिणाम हुन् ।

भौतिक तथा मानसिक सुरक्षाका अतिरिक्त पत्रकारहरुको पेशागत सुरक्षाको विषय महासंघको प्रमुख मुद्दा हो । लामो संघर्षपश्चात प्राप्त भएको श्रमजीवी पत्रकार ऐन तथा नियमावलीको पूर्ण कार्यान्वयन अझै हुनसकेको छैन । पत्रकारहरुको न्यूनतम पारिश्रमिक, नियुक्तिपत्र जस्ता सामान्य विषयहरुमा पनि निरन्तर समस्या देखिदै आएको छ । पछिल्लो समय कोभिड महामारीका कारण पत्रकारहरुको पेशागत अधिकारमा आएको समस्याले हामीलाई थप झकझक्याएको छ ।

श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गराउन महासंघसमेतले अझै दबाब दिनुपर्ने जरुरी छ । तसर्थ अबका तीन वर्ष निरन्तर चल्दै आएको यो सवाललाई निक्यौंलमा पुऱ्याउनका लागि महासंघको नेतृत्वमा श्रमजिवी पत्रकारहरु, मिडिया सञ्चालक तथा नेपाल सरकारका बीच त्रिपक्षीय वार्ता तथा संवादको वातावरण निर्माण गर्दै आपसी अविश्वासलाई हटाउन जरुरी छ ।

**पत्रकारको क्षमता अभिवृद्धि :**

पत्रकारको क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिमका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको सहकार्यमा विविध तालिमका कार्यक्रम केन्द्र तथा जिल्लास्तरको पहलमा भइरहेका छन् । महासंघले पत्रकारलाई दक्ष बनाउनुपर्ने आवश्यकता महसुस गरेर तालिम सञ्चालनका लागि छुट्टै प्राज्ञिक व्यवसायिक संस्था स्थापना गर्न निरन्तर माग गर्दै आएको हो । त्यसैबमोजिम 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' स्थापनाको निर्णय भइसके पनि विभिन्न कारणहरुले संस्था स्थापना हुन भने सकेको छैन । यसैगरी आमसञ्चार क्षेत्रको अध्ययन अनुसन्धान तथा पुराना अभिलेख र उपकरणहरूको संरक्षणका निम्ति आमसञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापनामा पनि महासंघको पहल रहेको छ ।

पत्रकारिता पेशामा विश्वविद्यालयस्तरीय अध्ययनका लगि अहिले धेरै संस्थाहरु रहेका छन् जसले पत्रकारिताको सैद्धान्तिक र प्राज्ञिक तथा केही हदसम्म प्रायोगिक ज्ञान र सीप विकासमा ठूलो भूमिका खेलेका छन् । तर व्यवहारिकरुपमा पत्रकारिता गर्नका लागि आवश्यक पर्ने थप सीप र यथार्थ वातावरणको बारेमा प्रशिक्षित गर्ने, विषयगत पत्रकारितामा सक्षम बनाउने, नयाँ आएका वा आउँदै गरेका प्रविधिहरुका बारेमा पत्रकार हरुलाई दीक्षित गर्ने जस्ता कामका लागि आवश्यक तालिमको अभाव पछिल्ला केही वर्षहरुमा निकै खड्किएको छ । जसले गर्दा पत्रकारहरुले आचारसंहिताको पालना नगर्ने र गलत सूचना सम्प्रेषण हुने गरेको पाइएको छ । यसका लागि महासंघले पत्रकार क्षमता अभिवृद्धिको कामलाई थप बलका साथ निरन्तरता दिनु आवश्यक छ । महासंघले यस वर्ष तयार गरेको छोटो अवधिको आधारभूत पत्रकारिता तालिम पाठ्यक्रमलाई देशभर प्रयोग गर्दै, जाँच गर्दै, सुधार गर्दै तालिमका कामहरुलाई तीव्रता दिनु आवश्यक छ । त्यसका साथै विश्वविद्यालयहरुसँग सहकार्यमा तालिम तथा अनुसन्धानका कामहरुलाई अघि बढाउन पनि पहल गर्नुपर्ने आवश्यकता देखेको छु ।

नेपाल पत्रकार महासंघको वर्तमान कार्यसमितिले पत्रकारको दक्षता अभिवृद्धिका लागि विशेष जोड दिँदै आएको छ । त्यसका लागि आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सरकारसँग माग गर्दै आएको छ । आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गरी राज्यले पत्रकारको दक्षता अभिवृद्धि र पत्रकारिता क्षेत्रको अनुसन्धानमुलक कार्यका लागि सहयोग गर्नुपर्ने हाम्रो माग रहँदै आएको छ ।

**मिडियाको प्रवर्द्धन र व्यवसायिक विकास :**

आमसञ्चार जगतलाई ज्ञानमा आधारित सेवा उद्योगको मान्यता दिन र सोही विकास गर्न आवश्यक सुविधा,

सहुलियत र पूर्वाधारको व्यवस्था गर्न, पत्रकारद्वारा सञ्चालित साना लगानी र स्थानीय तहका सञ्चारमाध्यमको उचित संरक्षण गर्न, सरकारी विज्ञापनको समुचित र समानुपातिक वितरण प्रणाली लागू गर्न, स्थानीय विज्ञापन स्थानीय सञ्चार माध्यमलाई नै उपलब्ध हुने व्यवस्था मिलाउन महासंघले ठोस अवधारणासहित योजना अघि बढाएको छ । महासंघको माग र पहलपछि संघीय संसदबाट विज्ञापन व्यवस्थापनसम्बन्धी ऐन पारित भई लागु समेत भइसकेको छ । ऐनले लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण लगायत महासंघका प्रमुख मुद्दाहरुलाई सम्बोधन गरेपनि ऐनमा अझै पनि केही सुधार गर्नुपर्ने देखिन्छ । त्यसतर्फ महासंघको निरन्तर पहल रहिरहनु आवश्यक छ ।

व्यवसायिक पत्रकारिताको प्रवर्द्धनका निम्ति प्रेस काउन्सिलसँगको सहकार्यमा पत्रकार आचारसंहितालाई २०७६ मा संशोधन गरी सामयिक तुल्याइएको छ । समयक्रममा प्रविधिको विकास, पत्रकारिता र सञ्चार क्षेत्रका भएका नयाँ विकासहरुका आधारमा यसलाई थप समयानुकूल बनाउँदै लाने कार्यलाई निरन्तरता दिनु पर्छ ।

यसका अतिरिक्त प्रेस काउन्सिलसँगको सहकार्यमा बालसंवेदनशील पत्रकारिता निर्देशिका, लैंगिक संवेदनशील पत्रकारिता निर्देशिका, अपांगमैत्री पत्रकारिता निर्देशिकाहरु जारी गरिएका छन् ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण :**

आमसञ्चारका क्षेत्रमा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणालाई मूर्तता दिन महासंघले गत तीन वर्षमा विभिन्न प्रयास गरेको छ । जस अन्तर्गत मिडियाको स्वशासन प्रवर्द्धनका लागि स्वमूल्यांकन विधि तयार गरी सञ्चारगृहहरुसँगको सहकार्यमा त्यसलाई लागु गर्ने प्रयास भएको छ । त्यसैगरी सञ्चारगृहहरुको आन्तरिक स्वशासनका लागि आवश्यक नीति तथा नियमावलीहरुका बारेमा सुझावसहित नमूना नीति निर्माण गरिएको छ ।

सञ्चारगृहभित्र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक पर्ने नीतिको सुझाव तयार गरी सञ्चारगृहहरुसँग पैरवीको काम अघि बढाइएको छ । लैंगिक तथा यौनिक सुरक्षाका विषयसहित पत्रकार सुरक्षाका लागि सञ्चारगृहमा आवश्यक पर्ने विधि र संयन्त्रका बारेमा नमूना निर्देशिका तयार गरी सञ्चारगृहहरुलाई वितरण गरिएको छ ।सञ्चारगृहहरुको लागि मात्र नभई महासंघले आफ्ना सबै संरचनाहरुमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई बढाउन विधान संशोधनमार्फत सबै समुदायको प्रतिनिधित्व बढ्ने व्यवस्था गरेको छ । यस वर्ष महासंघले छुट्टै संस्थागत लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी लागु गरेको छ ।

यसका साथै संस्थाभित्र वा संस्थागतरुपमा कुनै पनि जातजाति, क्षेत्र, लिंग, वर्णका विरुद्ध हुनसक्ने सम्भावित भेदभावप्रति शून्य सहनशीलताको नीति लिई त्यसका लागि सुरक्षा नीति तयार गरी लागु गरेको अवस्था छ ।अबको अवधिमा महासंघले आफ्नो संस्थागत नीतिहरुलाई कडाईका साथ पालना गर्दै सञ्चारगृहहरुका लागि तयार गरिएको नमूना नीतिहरुका आधारमा उनीहरुलाई पनि त्यस्तै व्यवस्था गर्न लगाउन थप पैरवी गर्नुपर्ने खाँचो छ ।

**मिडिया साक्षरता तथा उत्तरदायी पत्रकारिता प्रवर्द्धन :**

पछिल्ला वर्षहरुमा पत्रकारिता तथा सञ्चार क्षेत्रलाई प्रयोग गरी गलत सूचना तथा समाचार सम्प्रेषण गर्ने प्रक्रिया बढ्दै गएको भन्ने गुनासाहरु नभएका होइनन् । सामाजिक सञ्जालहरुको प्रयोगमा आएको तीव्रता र सँगसँगै द्रुतगतिमा भइरहेको प्रविधिको विकासका कारण बढेको सूचनाको सम्प्रेषणले गर्दा सञ्चार उपभोक्ताहरुमा समाचारमूलक मिडिया र सामाजिक सञ्जालबीच फरक छुट्याउन नसक्ने अवस्था सिर्जना भएको छ । जसले मिडियाप्रति आम मानिसको विश्वासलाई अझै क्षयीकरण गर्दै गएको देखिन्छ ।

मिडियाप्रति जनताको विश्वास कायम राख्न पत्रकारहरु चनाखो हुनु जरुरी छ । पत्रकारिता पेशालाई आम नागरिक र समाजप्रति उत्तरदायी बनाउँदै लैजानु र नागरिकहरुमा पनि मिडिया साक्षरता अभिवृद्धि गर्नु अबको प्राथमिकता हुनुपर्छ । त्यसका लागि महासंघले तयार गरेको उत्तरदायी पत्रकारिता निर्देशिका सम्पूर्ण पत्रकारहरुसम्म पुऱ्याउने र त्यसका आधारमा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

**संगठनात्मक पुनर्संरचना र संस्थागत विकासः**

२५औं महाधिवेशनबाट नयाँ कार्यकालको शुरुवात भएदेखि महासंघले आफ्नो संगठनात्मक पुनर्संरचनालाई महत्व दिँदै कार्य प्रारम्भ गरेको थियो । जस अन्तर्गत सबैभन्दा पहिले संघीय संरचना अनुरुपमा विधानले परिकल्पना गरेको संगठनात्मक ढाँचालाई कार्यरुप दिँदै पूर्णता दिन महासंघले प्रदेश समिति र प्रदेश परिषदहरुको निर्वाचन सम्पन्न गऱ्यो । त्यसपछि महासंघको विधानलाई संशोधन गर्दै २०७५ फागुनमा भएको साधारणसभाले महासंघ केन्द्रको निर्वाचन सबै साधारण सदस्यहरुको प्रत्यक्ष मतबाट हुने व्यवस्था मिलायो भने समावेशीकरणका लागि पनि थप निर्णय गऱ्यो ।

महासंघको विधानमा २०७४ सालमा भएको चौथो संशोधनसँगै यो संस्था संघीय संरचनामा गएको छ भने २०७५ मा भएको पाँचौं विधान संशोधनवाट महासंघका सबैतहको नेतृत्व प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत् साधारण सदस्यहरुबाटै चुनिने व्यवस्था हुनुका साथै महासंघलाई थप समावेशी र ट्रेड यूनियन अधिकारप्राप्तसंस्थाकारुपमा स्थापित गरिएको छ ।सङ्गठन र पत्रकारिता क्षेत्रका साथै यसबाहिर पनि महासंघको पहिचान र कार्यक्षेत्र बनेको छ । विगतमा संघसंस्था दर्ता ऐनअनुसार दर्ता भएर गैरसरकारी संस्थाको कानूनी हैसियतमा रहेको महासंघ हाल राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएर नेपाली व्यवसायिक पत्रकारहरूको साझा छाता संस्थाको रूपमा रहेको छ ।

यसका साथै मुलुकमा लोकतन्त्र र नागरिक अधिकारका लागि उठेका आवाजहरूमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको आवाज लिएर नागरिक समाजको अगुवाको पहिचान पनि महासंघले बनाएको छ । पत्रकार हरूको श्रम अधिकारका लागि महासंघ अनवरतरूपमा सक्रिय रहेको छ ।महासंघकै कतिपय सदस्यहरू ट्रेड यूनियनका पनि सदस्य भएको र महासंघ आफैंमा ट्रेड यूनियनका रूपमा कार्यरत आईएफजेको सदस्य पनि रहेकोले यसको ट्रेड यूनियनको स्पष्ट पहिचान बनिसकेको छ ।

**सुधार गर्न अझै बाँकी :**

महासंघको वर्तमान कार्यसमिति निर्वाचित भएर आएपश्चातको धुलिखेलमा भएको केन्द्रीय समिति बैठकले महासंघको रणनीतिअनुरुप आफ्नो प्राथमिकताका क्षेत्रहरु तय गरेको थियो । ती क्षेत्रहरु अहिले पनि सान्दर्भिक छन् । महासंघले तीन वर्षअघि तय गरेको प्राथमिकताका क्षेत्रहरुमध्ये कतिपयमा अपेक्षित सफलता हासिल गरेको छ । कतिपय निरन्तर चल्ने खालका छन् भने केहीमा अझै पनि सोचेजस्तो सफलता प्राप्त हुन सकेको छैन । बितेका तीन वर्षको अवधिमा नेपालको पत्रकारिता क्षेत्र र लोकतान्त्रिक प्रक्रियामा समेत धेरै फरक आइसकेको छ ।

संविधान निर्माणपछि जसरी पत्रकारिता तथा सञ्चारमैत्री कानूनहरुको निर्माण हुन्छ भन्ने विश्वास राखिएको थियो, वास्तवमा त्यो हुन सकेन । महासंघलगायत सञ्चारसम्बद्ध सबै पक्षहरुको मुख्य सरोकारको विषय कानूनी तथा नीतिगत सुधारको क्षेत्र नै रह्यो । लोकतान्त्रिक सरकार र संसदले समेत कानूनहरु निर्माण तथा पारित गर्ने बेला सरोकारवालाहरुसँग छलफल र समन्वय नगर्ने, नियन्त्रणमुखी कानून निर्माण गर्ने र प्रेस स्वतन्त्रताको अन्तर्राष्ट्रिय मान्यताहरु विपरीत हुने खालका कानून निर्माण गर्न थाले । यो प्रक्रिया संघीय, प्रदेश र स्थानीयस्तर सबैतिर उत्तिकै देखियो । झन् संघीय संसदले कानून निर्माण प्रक्रियामा ढिलाइ गर्दा प्रदेश तथा स्थानीय तहहरुमा कानून निर्माणमा अराजकताको वातावरण सिर्जना भयो । जुन अद्यापि जारी नै छ । तसर्थ

महासंघको अबको मुख्य सरोकारको विषयमा कानून निर्माण तथा सुधार प्राथमिकतामा नै रहनुपर्ने देखिन्छ ।

**ठूलो चुनौती, मिडियामा कोभिड कहर :**

यो वर्ष सम्पूर्ण विश्व कोभिड-१९ को महामारीबाट आक्रान्त हुन पुग्यो जसको असर अझैसम्म पनि न्यून हुनसकेको छैन । वर्षभरि नै महामारीका कारण समाज र अर्थतन्त्रका सबै क्षेत्र प्रभावित हुन पुगे । यसको असर मिडिया क्षेत्रमा पनि पर्नु स्वाभाविक थियो । तर जे जति प्रभाव पर्नुपर्ने हो, श्रमजीवी पत्रकारहरुका हकमा भने त्यो अनपेक्षित रुपमा बढी देखिन पुग्यो ।

मिडिया सञ्चालकहरुले महामारीको बहानामा पत्रकार निस्काशन गर्ने, पारिश्रमिक घटाउने, नियमित पारिश्रमिक उपलब्ध नगराउने जस्ता काम गरे, जसकाविरुद्ध महासंघ करिब एक वर्षदेखि संघर्षरत छ । श्रमजीवी पत्रकारहरुको पेशागत हकका क्षेत्रमा यसअघि प्राप्त उपलब्धिहरु पनि यो वर्ष गुमाउनुपर्ने अवस्था सिर्जना भयो । संस्थागत भइसकेका वा हुन लागेका उपलब्धिहरु समेत महामारीका कारण वा यसको बहानामा उपेक्षित हुन पुगे । परिणामस्वरुप श्रमजीवी पत्रकारहरुको हकहितको क्षेत्रमा नयाँ खालको संघर्षको वातावरण बनेको छ । यसका साथै महामारीका कारण सञ्चारक्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै सञ्चारमाध्यमहरुको संस्थागत विकासलाई जोड दिनु पनि उत्तिकै आवश्यक छ ।

लगभग एक वर्षको अवधिदेखि कोरोना महामारीले विश्वलाई प्रभावित गरिरहेको अवस्थामा नेपाली मिडियामा पनि त्यसको प्रभाव देखियो । महामारी सुरु हुनासाथ कतिपय पत्रपत्रिका बन्द हुन पुगे भने अन्यमा पनि विज्ञापनबाट प्राप्त हुने आम्दानीमा आकस्मिक कमी आउँदा सञ्चालनमा अप्ठ्यारो परेको देखियो । यसले नेपाली मिडिया सञ्चालनमा आर्थिकरुपमा दिगोपनाको अभाव देखियो भने सञ्चारक्षेत्रले उद्योगको रुपमा मान्यता नपाएका कारण सरकारी अनुदान र सहयोग प्राप्त गर्न समेत कठिन भयो । तत्कालीन समाधानका लागि महासंघ र मिडिया सञ्चालकहरुको पहलमा सहुलियत ऋणको व्यवस्था गर्न सकिएपनि अबका दिनका लागि दीर्घकालीन सोच बनाउन नसके आगामी दिनमा पनि यस्तै खाले चुनौती आउनु अवश्यम्भावी छ ।

मिडियामा देखिएको यस्तो प्रभावको प्रत्यक्ष असर श्रमजीवी पत्रकारहरुमा पर्न गयो । महासंघले गरेको सर्वेक्षणका अनुसार ४ प्रतिशत पत्रकारहरुले यो अवधिमा रोजगारी गुमाउनु परेको देखिन्छ । यस बाहेक पनि पत्रकारहरु बेतलबी बिदामा बस्न बाध्य पारिए भने, धेरैको पारिश्रमिक कटौती गरियो । कोरोना महामारीले पारेको प्रभावलाई न्यूनीकरण गर्दै नेपाली पत्रकारिता र सञ्चार क्षेत्रको दीगोपनामा ध्यान दिनु आवश्यक छ । यसका लागि सरकारी तथा सञ्चार क्षेत्रहरुसँगको सहकार्यमा पत्रकार तथा मिडिया क्षेत्रलाई आपतकालीन सहयोगको व्यवस्था गर्ने, सञ्चार क्षेत्रलाई उद्योगको रुपमा स्थापित गर्न पहल गर्ने, सञ्चार क्षेत्रलाई विशेष क्षेत्रका रुपमा पहिचान गरी सरकारीस्तरबाट अत्यावश्यक अवस्थामा राहत सहयोगको व्यवस्था गराउने, सञ्चारगृहहरुले सम्भावित चुनौतीहरु पहिचान गरी अप्ठ्यारो अवस्थामा समेत पत्रकारहरुको पेशागत हकहित सुरक्षित रहने वातावरण निर्माण गर्ने जस्ता विषयमा ध्यान दिनु जरुरी छ । यसका लागि सबै पक्षहरुसँग सहकार्य गरी रणनीति तयार गर्नु महासंघको प्राथमिकताको विषय हो ।

**प्रेस स्वतन्त्रतामैत्री नीति तथा कानूनको चुनौती :**

नेपालको संविधानले प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रताको परिकल्पना गरेको र संविधानका विभिन्न प्रावधानहरुले यसलाई सुनिश्चित गरेको भए पनि कानूनहरु निर्माण हुँदा सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने उद्देश्यसहित आउनु पछिल्ला केही वर्ष चुनौतीका रुपमा देखिएको छ । संघीय, प्रदेश तथा स्थानीय सरकार हरुले ल्याएका कानुनहरु प्रेस स्वतन्त्रताको आधारभूत मान्यताको विपरीत आएका देखिए । कानूनी सुधारको विषय यसअघि पनि महासंघको प्राथमिकताको विषय थियो र यसलाई अझै पनि मुख्य प्राथमिकतासहित अघि बढाउनु पर्ने देखिन्छ ।

प्रेस स्वतन्त्रतामैत्री कानूनको निर्माणका लागि गर्नुपर्ने कामलाई दुई पक्षबाट हेर्नु जरुरी छ । पहिलो सञ्चारसम्बन्धी कानूनहरु । यो महासंघको मुख्य सरोकारको विषय भएकाले तीनै तहका सरकार र संसदले निर्माण गर्ने सञ्चारसम्बन्धी कानूनहरुलाई निगरानी गरी, तिनको विश्लेषण गर्दै परिमार्जनका लागि सुझाव र दबाव दिने कामलाई निरन्तरता दिनुपर्छ । दोस्रो अन्य कानूनमा रहेका प्रावधानहरुले प्रेस स्वतन्त्रतामा पार्नसक्ने प्रभावका बिषयमा पनि चनाखो बन्न जरुरी देखिन्छ ।

विगतमा मुलुकी संहिताहरुमा रहेका कतिपय प्रावधानले पत्रकारहरुलाई स्वतन्त्ररुपमा काम गर्ने वातावरण खुम्च्याउन सक्ने भएकाले महासंघले लामो आन्दोलन गर्नुपरेको थियो, जसको फलस्वरुप संहितामा रहेका कतिपय प्रावधानहरु पत्रकारिताकर्म गर्दा आकर्षित नहने व्यवस्था राख्न सफलता प्राप्त भयो । यसबाहेक पनि सुशासनसम्बन्धी, मानवअधिकार सम्बन्धी वा त्यस्तै अन्य कानूनहरुका पनि प्रेस स्वतन्त्रताविरुद्धका प्रावधानहरु परिरहेका हुनसक्ने भएकाले महासंघले यसको पनि निगरानी गर्ने र परिमार्जनका लागि अन्य नागरिक संगठन र सरोकारवालाहरुसँग सहकार्य गर्दै अघि बढ्नु आवश्यक छ ।

महासंघबाट श्रमजीवी पत्रकारहरूको पेशागत हकहितका लागि श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि सञ्चार प्रतिष्ठान, व्यवस्थापन सम्बद्ध संस्था, पत्रकारिता क्षेत्रका विभिन्न संस्था तथा निकायका साथै श्रम कार्यालय, अदालत र संसदका विभिन्न समितिसम्म पुग्ने काम भएको छ । यस सन्दर्भमा आन्दोलन, अल्टिमेटम, वार्ता, आंशिक उपलब्धि र थप गतिविधि जारी छन् । महासंघ ट्रेड यूनियन हो भन्ने कुरा स्पष्टरूपमा विधानमै उल्लेख गरेर आइसकेको सन्दर्भमा यसले उचित श्रम अभ्यासका क्रममा सामूहिक सौदावाजी गर्ने श्रमिक सङ्गठनको चरित्रलाई अझ दह्रो गरी समात्ने स्पष्ट छ । यसै क्रममा सरकारले तोकेको श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक कार्यान्वयनको वातावरण क्रमशः सुदृढ बन्दै जाने अपेक्षा छ ।

यसरी प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यवसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि नेपालमा कार्यरत पत्रकारलाई सङ्गठित गरी उनीहरूको पेशागत हकहितको संरक्षण र सम्वर्द्धनका लागि सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका नागरिक अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रको वृहत्तर हितका निम्ति पारदर्शी र न्यायपूर्ण समाजको विकास गर्ने अभीष्टसहित नेपाल पत्रकार महासंघअविरल रुपमा क्रियाशील छ ।

संघीय सरकार र प्रदेश सरकारले सञ्चारसम्बन्धी कानून निर्माण गर्दा सरोकारवालासँगको छलफलबिना नै निर्माण गरिरहेका छन् । सरकारले संसदसमक्ष पुऱ्याएका सार्वजनिक सेवा प्रसारण सम्बन्धी विद्येयक, सूचना प्रविधि विद्येयक, मिडिया काउन्सिल विद्येयकसहित सञ्चारसम्बन्धी विभिन्न विधेयकमा प्रेस स्वतन्त्रता विरोधी धेरै दफाहरुकोअझै विद्यमानता छ । भोलिका दिनमा महासंघका लागि यो बिषय थप चुनौतीपूर्ण हुने देखेको छु ।

अन्त्यमा यस ऐतिहासिक साधारण सभामा व्यवस्थापनका क्रममा भएका कमि-कमजोरीप्रति केन्द्रीय समिति र आयोजकका तर्फबाट म क्षमायाचना गर्न चाहन्छु । विभिन्न वाधा र अड्चन सहँदै पत्रकारिता कर्मको व्यस्तताका बाबजुद पनि सक्रियतापूर्वक यस साधारण सभामा सहभागी हुनु भएकोमा म सम्पूर्ण साथीहरुलाई केन्द्रीय समितिको तर्फबाट हार्दिक धन्यवादसहित हृदयदेखि नै हार्दिक आभारसमेत व्यक्त गर्न चाहन्छु । साधारण सभा सम्पन्न गर्नका लागि अहोरात्र खटेर संयोजन र सहयोग गर्ने महासंघका सबै पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश समिति एवम् सबै शाखाहरुप्रति हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

## प्रेस स्वतन्त्रता हननका घटना, गतिविधि, छलफल :

| क्र.स | घटना प्रकृति | संख्या |
|---|---|---|
| १ | मृत्यु/हत्या | |
| २ | बेपत्ता | |
| ३ | गिरफ्तारी | ५ |
| ४ | कब्जा/अवरोध | ४ |
| ५ | आक्रमण | ९ |
| ६ | लैङ्गिक हिंसा | |
| ७ | दुर्व्यवहार/धम्की | ३२ |
| ८ | विस्थापन | |
| ९ | पेशागत असुरक्षा | २ |
| १० | नीतिगत बन्देज | |
| | **कुल घटना** | **५२** |

### कोभिड - १९ सम्बन्धित, वैज्ञानिक पक्ष र रिपोर्टिङका बारे अभिमुखीकरण

नेपाल पत्रकार महासंघले २०७७ भदौ २९ तथा असोज ७, ८ र ९ गते देशभरका ८०० भन्दा बढी पत्रकारहरुका लागि कोभिड १९ सँग सम्बन्धित, वैज्ञानिक पक्ष र रिपोर्टिङका लागि अपनाउनुपर्ने आवश्यक सचेतनाका बारे अभिमुखीकरण सञ्चालन गऱ्यो। भर्चुअल माध्यमबाट गरिएको उक्त अभिमुखीकरण कार्यक्रम विश्व स्वास्थ्य संगठनको सहकार्यमा सञ्चालन गरिएको थियो।

भदौ २९ गते उपत्यका, प्रतिष्ठान र एसोसिएट प्रदेशमा कार्यरत पत्रकारहरुका लागि आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा १५९ पत्रकारहरु सहभागी थिए। त्यसैगरी असोज ७ गते प्रदेश नं १ र २ का २३२, असोज ८ गते तत्कालीन बागमती प्रदेश र लुम्बिनी प्रदेशका २१९ तथा असोज ९ गते गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका १९७ पत्रकारहरुको सहभागिता रहेको थियो।

अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनका विज्ञहरुले कोरोनासँग सम्बन्धित पक्षहरुका बारेमा प्रस्तुतिकरणसहित सहभागीहरुको जिज्ञासाको जवाफ दिनुभएको थियो।

### नमूना पत्रकार सुरक्षा निर्देशिका निर्माण

नेपाल पत्रकार महासंघले विभिन्न समयमा हुने पत्रकार सुरक्षाका चासोहरुलाई सम्बोधन गर्न पत्रकार सुरक्षा निर्देशिकाको नमूना निर्माण गरी पत्रकार तथा सञ्चार क्षेत्रसँग छलफल चलाएको छ। महासंघले २०७४ मा जारी गरेको पत्रकार सुरक्षा नीतिअन्तर्गत विशेषगरी सञ्चारमाध्यमहरुमा रहनुपर्ने पत्रकार सुरक्षा नीति र संयन्त्रका बारेमा केन्द्रीत रही यो निर्देशिका निर्माण गरेको हो।

महासंघले सुरक्षा निर्देशिकाको मस्यौदा तयार गरी २०७७ मंसिर ४ गते काठमाडौमा विभिन्न पत्रकार संगठनहरुसँग त्यसमाथि छलफल गरेको थियो। त्यसैगरी कार्तिक ६ र ७ गते वरिष्ठ पत्रकार तथा सम्पादकहरुसँग छलफल गरेको थियो भने सोही दिन छुट्टै कार्यक्रम गरी सञ्चारविज्ञहरुसँग छलफल चलाएको थियो।

त्यसअघि कार्तिक २७ गते सुनसरी, २८ गते दाङ र २९ गते धनुषामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी स्थानीय पत्रकार तथा सञ्चारमाध्यमका प्रतिनिधिहरुसँग उक्त मस्यौदामाथि छलफल गरी महासंघले उनीहरुको राय लिएको थियो। यसका साथै काठमाडौंका आठवटा सञ्चारगृहहरुमा प्रत्यक्ष छलफल गरी निर्देशिकाका बारेमा जानकारी दिँदै त्यसको कार्यान्वयनका लागि आग्रह गरेको थियो।

छलफलहरुबाट प्राप्त सुझाव तथा सल्लाहहरुलाई समावेश गरी महासंघका अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा गठित कार्यदलले उक्त निर्देशिकालाई अन्तिम रुप दिएको थियो। महासंघले पत्रकार सुरक्षा निर्देशिकाको कार्यान्वयनका लागि प्रेस काउन्सिल नेपालसँग सहकार्य गरिरहेको छ भने विभिन्न सञ्चारगृहहरुसँग पैरवीको कामलाई अघि बढाएको छ।

### महासंघको आगामी तीन वर्षीय रणनीति निर्माण

२०७४ मा सम्पन्न नेपाल पत्रकार महासंघको २५औं महाधिवेशनले महासंघको रणनीति २०७४-७७ पारित गरेको थियो । त्यो सिलसिलालाई कायम राख्दै महासंघले आगामी तीन वर्षका लागि नेपाल पत्रकार महासंघको रणनीतिक योजना २०७७-८० निर्माण गरेको छ । रणनीति निर्माणका लागि महासंघको धादिङमा सम्पन्न केन्द्रीय समिति बैठकले बुँदाहरु तय गरेको थियो । सोही बैठकले महासंघ अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा निवर्तमान अध्यक्ष तथा सल्लाहकार डा. महेन्द्र विष्ट र महासचिव रमेश विष्ट सदस्य रहेको रणनीति निर्माण समिति गठन गरेको थियो ।

रणनीति निर्माण समितिले सञ्चार क्षेत्रका विभिन्न सरोकारवालाहरुसँग छलफल गरी रणनीतिको मस्यौदा तयार गरेको थियो । मस्यौदा रणनीतिमाथि विभिन्न पत्रकार संगठनहरुसँग २०७७ माघ २९ गते छलफल गरी रणनीतिलाई अन्तिम रुप दिइएको थियो ।

महासंघको आगामी तीन वर्षीय रणनीतिले मुख्य रुपमा १० विषयलाई प्राथमिकतामा राखेको छ । जस अन्तर्गत महासंघले नियमितरुपमा गर्दै आएको नीति तथा कानूनको अनुगमन तथा सुधारका लागि पहल, पत्रकारको भौतिक तथा पेशागत सुरक्षा, महासंघ संगठन सुदृढीकरण, स्वरोजगारमूलक मिडियाको प्रवर्द्धन र सशक्तीकरण जस्ता विषयहरुसँग पछिल्लो वर्ष देखिएको मिडियामा कोरोना प्रभावको न्यूनीकरण तथा बदलिँदो राजनीतिक परिस्थितिमा महासंघले खेल्नुपर्ने भूमिका प्राथमिकतामा राखिएको छ ।

### मिडियामा कोभिड-१९ प्रभावको अध्ययन

गत वर्ष समग्र विश्व नै कोभिड-१९ बाट प्रभावित हुन पुग्यो । कोभिड-१९ महामारी र त्यसका कारण लागु भएको लकडाउनले नेपाली पत्रकारिता क्षेत्रमा पनि असर गर्‍यो । यसका कारण कतिपय सञ्चामाध्यमहरु बन्द हुन पुगे भने सञ्चालनमा रहेकाहरुमा पनि पत्रकारहरुले रोजगारी गुमाउने, तलब नपाउने, बेतलबी बिदामा पठाइने वा कम तलबमा काम गर्नुपर्ने अवस्था सिर्जना भयो ।

लकडाउनको सुरुवातसँगै विभिन्न सञ्चारगृहहरुबाट पत्रकार निष्काशन गर्ने, बेतलबी बिदामा पठाइने, तलब कटौती गर्ने काम पनि शुरु भयो । साना लगानीका मिडियाहरु अधिकांश बन्द थिए भने ठूला लगानीका मिडियाले खर्च कटौतीका नाममा सबैभन्दा पहिला पत्रकारहरुको रोजगारी र आम्दानी कटौती गर्न थाले । यसबारेमा महासंघमा उजुरी पर्न थालेपछि पत्रकारको सेवा, सुरक्षा तथा हकहित संरक्षण एवम् श्रम अधिकारको अवस्थामा केन्द्रित भई नेपाल पत्रकार महासंघले १४ जिल्ला तथा ५१ सञ्चार प्रतिष्ठानहरुमा अनुगमन गर्‍यो ।

त्यसैगरी महासंघले यस विषयमा विस्तृत अध्ययन गर्नुपर्ने आवश्यकता महशुश गरी देशभरका दुई हजार बढी पत्रकारहरुसँग प्रत्यक्ष टेलिफोन सम्पर्कमार्फत सर्वेक्षण गरेको थियो । महासंघका सम्पूर्ण सदस्यहरुमध्ये नमूनाका आधारमा २ हजार ८ जना पत्रकार छनौट गरी सर्वेक्षण गरिएको थियो । यसका साथै महासंघले लकडाउनकै अवधिमा पनि कोरोना महामारीको प्रभावको अनुगमन गर्न सातै प्रदेशमा मिडिया मिसन सञ्चालन गरी स्थानीय पत्रकारहरुसँग अन्तरक्रिया गरेको थियो ।

विभिन्न अध्ययन तथा सर्वेक्षणबाट प्राप्त नतिजाअनुसार कोरोना महामारी र लकडाउनका कारण पत्रकारहरुको पेशागत सुरक्षा र आम्दानीमा प्रत्यक्ष प्रभाव परेको देखिएको थियो । ४० प्रतिशत भन्दा बढी पत्रकारहरुको पेशा तथा आम्दानीमा महामारी र लकडाउनको प्रत्यक्ष असर परेको थियो । करिब ४ प्रतिशत पत्रकारले आफ्नो जागिर गुमाउनु पर्‍यो भने ६ प्रतिशत जतिलाई कार्यरत सञ्चारमाध्यमले बेतलबी बिदामा पठाएका थिए । जागिर गुमाउन पुगेका र बेतलवी बिदामा पठाइएका कारण बेरोजगार बन्न पुगेका पत्रकारको संख्या करिव १० प्रतिशत थियो । यसैगरी करिब ९ प्रतिशत पत्रकारको यस अवधिमा तलब कटौती भएको थियो भने २० प्रतिशत पत्रकारहरुले नियमित तलब पाउन सकेका थिएनन् । यस्तो प्रभावका कारण करिब १० प्रतिशत पत्रकारहरु पेशा परिवर्तन गर्ने वा अन्य के गर्ने भन्ने विषयमा अन्यौलमा रहेको पाइएको थियो ।

### पत्रकारहरुको पेशागत सुरक्षा अभियान

कोरोना महामारी र लकडाउनको प्रभावका कारण श्रमजीवी पत्रकारहरुको पेशागत सुरक्षामाथि असर पर्न गयो । पत्रकारहरु जागिरबाट निकालिने, तलब नपाउने, तलब घटाइने वा बेतलबी बिदामा पठाइने अवस्था सिर्जना भएपछि महासंघमा यी विषयमा ५०० भन्दा बढी लिखित तथा मौखिक उजुरी पर्न आए । महासंघले ती सबै उजुरीहरुको सम्बोधन गर्दै संवाद तथा आन्दोलनका दबावमूलक गतिविधिमार्फत श्रमजीवी पत्रकारहरुलाई पेशागत अधिकार दिलाउन सफल भएको छ ।

पर्न आएका उजुरीहरुमध्ये अधिकांशमा महासंघले सञ्चारगृहसँग संवाद तथा छलफल गरी ती समस्याको समाधान गरेको

थियो भने कतिपयमा आन्दोलनका कार्यक्रमहरु गर्नु परेको थियो । काठमाडौबाट सञ्चालित केही दैनिक पत्रिकाहरुबाट निष्काषित पत्रकारहरुको पुनर्वहालीका लागि महासंघले चरणवद्ध आन्दोलन नै घोषणा गर्नु परेको थियो ।

लकडाउनको शुरुवातमा नै पत्रकारहरु पेशागत हकबाट वञ्चित हुन पुगेपछि महासंघले २०७७ असार २९ गते काठमाडौंमा वृहत्त ऐक्यवद्धता प्रदर्शन गरी सञ्चारगृहहरुलाई दबाव सिर्जना गर्ने काम गरेको थियो । त्यसैगरी काठमाडौंको बबरमहलमा मानवसांग्लो निर्माण गरी प्रदर्शन समेत गरेको थियो । यी गतिविधिका कारण कतिपय सञ्चारगृहहरुले पत्रकार निष्काशनका लागि गरेको तयारी रोकिन पुगेको थियो भने कतिपयमा पुनर्वहाली भएको थियो ।

बारम्बारको प्रयासपछि पनि कतिपय सञ्चारगृहमा निष्काशित पत्रकारहरुको पुनर्वहाली नहुँदा महासंघले चरणवद्ध आन्दोलनको घोषणा गरी संवाद गर्ने, सञ्चारगृहमा धर्ना दिने र मिडिया सञ्चालकको घर घेराउ गरी दबाव सिर्जना गर्नेसम्म आन्दोलनका कार्यक्रमहरु घोषणा गर्नु परेको थियो । जसअन्तर्गत कार्तिक २६ गने अन्नपूर्ण पोस्ट, कारोबार दैनिक तथा राजनधानी दैनिकका कार्यालयमा धर्ना कार्यक्रम आयोजना गरिएको थियो । यसअघि असार २३ गते महासंघले नागरिक दैनिक र एपिवन टेलिभिजनका कार्यालयमा कालो ब्यानर टाँगी विरोध जनाएको थियो ।

पत्रकारहरुको पेशागत अधिकार रक्षाका लागिमहासंघले विभिन्न समयमा सञ्चार तथा सूचना प्रविधि मन्त्री तथा सचिवसँग भेट गरी समस्या समाधानका लागि पहल गर्न अनुरोध समेत गरेको थियो ।

**कोरोना महामारीबाट सुरक्षाका लागि पहल**

२०७६ को अन्त्यतिर कोरोना महमारीको प्रभाव बढ्दै जाँदा र चैत्र ११ देखि देशभर लकडाउन शुरु भएसँगै आम पत्रकारहरुको स्वास्थ्य सुरक्षा पत्रकार महासंघको प्रमुख चासोको विषय रह्यो । पत्रकारहरुलाई संक्रमणबाट जोगाउन महासंघले आवश्यक पहल थाल्यो र विभिन्न संघसंस्थासँगको सहकार्य र आफ्नै पहलमा कोरोना संक्रमणबाट रोकथामका लागि महासंघ केन्द्रीय कार्यालयले २० हजार बढी मास्क, ४ हजार जति स्यानिटाइजर, १ हजार जोडी पञ्जा र ५० वटा पिपिइ सेट वितरण गरेको थियो ।

त्यसैगरी महासंघले २०७७ जेठ ६ गते महासंघ केन्द्रीय कार्यालयमा १९१ पत्रकारहरुको कोरोना परीक्षणका लागि स्वाब संकलन गरेको थियो भने जेठ ४ गते प्रेस काउन्सिल नेपालसँग सहकार्यमा ७५ पत्रकारहरुको कारोना परीक्षण गराएको थियो । तीमध्ये कसैमा पनि त्यसबेला कोरोना संक्रमण देखिएको थिएन ।

महासंघका प्रदेश समिति तथा जिल्ला शाखाहरुले समेत कोरोना महामारी तथा लकडाउनका बेला पत्रकारहरुलाई मास्क, स्यानिटाइजर जस्ता सामग्री वितरण गर्नुका साथै राहत वितरण समेत गरेका थिए । महासंघका केही प्रदेश समितिहरुले प्रदेश सरकारको सहयोगमा प्रदेशभरका पत्रकारहरुका लागि कोरोना बिमा समेत गराएका थिए ।

## नेपाल पत्रकार महासंघको मिति २०७६ भदौ १ गतेदेखि मिति २०७७ माघ ३० गते सम्मको कानुनी डेस्कको तर्फबाट तयार पारिएको रिपोर्ट

### ❖ अधिवक्ता भक्ति राम घिमिरे

| क्र.स. | पक्ष | विपक्षी | मुद्दा | स्थान |
|---|---|---|---|---|
| १. | धमेन्द्र कुमार कर्ण/किरण आचार्य | कारोवार राष्ट्रिय दैनिक | अवकाश बदर | श्रम अदालतबाट मिलापत्र भइसकेको |
| २. | विजय देवकोटा | कारोवार राष्ट्रिय दैनिक | अवकाश बदर | श्रम अदालतमा चलिरहेको |
| ३. | कृष्ण गिरी | शिलापत्र अनलाइन | अवकाश बदर | श्रम अदालतमा चलिरहेको |
| ४. | गोविन्द आचार्य | अ.विष्णु लुईटेल | उत्प्रेषण | सर्वोच्च अदालतमा चलि रहेको । |
| ५. | गोविन्द आचार्य/भक्तिराम घिमिरे | नेपाल सरकार समेत | परमादेशश्रमजीवीपत्रकारको लोककल्याणकारी कोषको विषयमा | सर्वोच्च अदालतमा चलिरहेको |

| | | | | |
|---|---|---|---|---|
| ६. | लक्ष्मण कार्की | उज्यालो नेटवर्क | पारिश्रमिक सेवा सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको |
| ७. | प्रतिक्षा शर्मा | माउन्टेन टि.भी. | पारिश्रमिक सेवा सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको अवस्थामा मिलापत्र भएको |
| ८. | श्रद्धा कोइराला | हिमालयन टि.भी. | हाजिर गराई, सेवा सुविधा | श्रम कार्यालयमा चलि रहेको । |
| ९. | विश्वमणि पोखरेल | नागरिक राष्ट्रिय दैनिक | सेवा सुविधा | परामर्श |
| १०. | विकास कार्की समेत ६ जना | अन्नपूर्ण राष्ट्रिय दैनिक | हाजिरी, सेवा सुविधा | श्रम कार्यालयमा मिलापत्रको प्रक्रियामा रहेको । |
| ११. | माधव बस्नेत समेत | कान्तिपुर राष्ट्रिय दैनिक | सेवा सुविधा | प्रेस रजिष्ट्रारको कार्यालय |
| १२. | रामेश्वर सापकोटा | माउन्टेन टि.भी. | सेवा सुविधा | परामर्श |
| १३. | नेपाल पत्रकार महासँघ | भोलानाथ पौडेल | निर्वाचन बदर सम्बन्धमा | जिल्ला प्रशासन कार्यालयमा लिखित जवाफ |
| १४. | धर्मेन्द्र कर्ण | नेपाल वान | | सर्वोच्च अदालतबाट फैसला भएको फैसला कार्यान्वयन |
| १५. | नेपाल पत्रकार महासंघ | भोलानाथ पौडेल | उत्प्रेषण | मिति २०७४/०६/०४ लिखित जवाफ सर्वोच्च अदालत चलिरहेको |
| १६. | नविन ढुङ्गाना/वर्षा शाह | एभिन्युज टि.भि. | उत्प्रेषण | सर्वोच्च अदालतमा चलि रहेको |
| १७. | भवानीशिलाकार | माउन्टेन टेलिभिजन | अवकाश बदर | श्रम अदालतबाट फैसला भई रकम प्राप्त गरिसकेको |
| १८. | दीपेश श्रेष्ठ | माउन्टेन | अवकाश | श्रम अदालतको फैसला कार्यान्वयन |
| १९. | हरिशरण न्यौपाने | माउन्टेन टि.भी. | हाजिर गरी पाऊँ | श्रम कार्यालयबाट सेवा सुविधासहित हाजिरीको फैसला भई कार्यान्वयनको चरणमा रहेको |
| २०. | प्रकाश बम/सुनिता रावल/चक्र कुँवर | रेडियो नेपाल, दिपायल | अवकाश बदर | श्र म अदालतमामुद्दाविचाराधीन |
| २१. | नेपाल पत्रकार महासंघ | भोलानाथ पौडेल | उत्प्रेषण | मिति २०७४/०६/०४ लिखित जवाफ सर्वोच्च अदालत चलिरहेको |
| २२. | नविन ढुङ्गाना/वर्षा शाह | एभिन्युज टि.भि. | उत्प्रेषण | सर्वोच्च अदालतमा चलि रहेको |
| २३. | भवानीशिलाकार | माउन्टेन टेलिभिजन | अवकाश बदर | श्रम अदालतबाट फैसला भई रकम प्राप्त गरी सकेको |
| २४. | दिपेश श्रेष्ठ | माउन्टेन | अवकाश | श्रम अदालतको फैसला कार्यान्वयन |

| | | | | |
|---|---|---|---|---|
| २५. | हरिशरण न्यौपाने | माउन्टेन टि.भी. | हाजिर गरी पाऊँ | श्रम कार्यालयबाट सेवा सुविधासहित हाजिरीको फैसला भई कार्यान्वयनको चरणमा रहेको |
| २६. | श्रीकृष्ण सुवेदी | सगरमाथा टि.भी. | पारिश्रमिक, सेवा सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको |
| २७. | विष्णु बस्नेत | एभिन्युज टि.भी. | पारिश्रमिक सेवा सुविधा | प्रेस रजिष्ट्रारमा चलि रहेको |
| २८. | अ.लीलानाथ घिमिरे | प्रेस रजिष्ट्रार समेत | उत्प्रेषण | सर्वोच्च अदालत |
| २९. | पश्चिम टुडे | मुनीर अहमद | परमादेश | उच्च अदालत पाटन फैसला भई जितेको । |
| ३०. | कान्तिपुर कर्मचारी युनियन | कान्तिपुर टि.भी. | हाजिर गराई पाऊँ | प्रेस रजिष्ट्रारको कार्यालयमा चलिरहेको । |
| ३१. | रामेश्वर सापकोटा | माउन्टेन टि.भी. | सेवा सुविधा सम्बन्धमा | |
| | | | | |